
# अभिभावकीय अधिकारहरू

## मेरील्याण्ड प्रक्रियात्मक सुरक्षाहरूको सूचना

*शिशु तथा बच्चाहरूका प्रारम्भिक हस्तक्षेप*
*प्रिस्कूल विशेष शिक्षा*
*र विशेष शिक्षा*



संशोधित **जुलाई 2021**

प्रारम्भिक हस्तक्षेप/विशेष शिक्षा सेवाहरूको शिक्षा विभागको मेरील्याण्ड राज्य विभाग

**अभिभावकीय अधिकारहरू**
**मेरील्याण्ड प्रक्रियात्म सुरक्षाहरूको सूचना**
**शिशु तथा बच्चाहरू, प्रिस्कूल, विशेष शिक्षा**
जनवरी 2021

© 2013 मेरिल्याण्ड राज्य शिक्षा विभाग

यो प्रकाशन मेरिल्याण्ड राज्य शिक्षा विभाग (MSDE) को प्रारम्भिक हस्तक्षेप/विशेष शिक्षा सेवाहरूको विभागद्वारा संयुक्त राज्य शिक्षा विभाग, IDEA खण्ड C अनुदान #H181A120124 र IDEA खण्ड B अनुदान #H027A012035A बाट प्राप्त भएको रकमले विकसित तथा उत्पादन भएर यसको प्रतिलिपि अधिकार 2013, मेरिल्याण्ड राज्य शिक्षा विभाग (MSDE) सँग सुरक्षित रहेको छ। अध्ययनकर्ताहरूलाई योग कागजातको प्रतिलिपि बनाउन र साझा गर्न अनुमति दिइन्छ र प्रोत्साहन गरिन्छ तर MSDE प्रारम्भिक हस्तक्षेप विभाग/विशेष शिक्षा सेवाहरूलाई श्रेय दिनुपर्छ। अन्य सर्वाधिकार सुरक्षित। मेरिल्याण्ड राज्य शिक्षा विभागले रोजगारी वा कार्यक्रमहरूमा पहुँच उपलब्ध गराउने कार्यमा प्रभाव पार्ने मामिलाहरूमा जाति, रङ्ग, लिङ्ग, उमेर, मूल राष्ट्र, धर्म, असक्षमता वा यौन झुकावको आधारमा भेदभाव गर्दैन। विभागीय नीतिसम्बन्धी सोधपुछहरूको लागि, कृपया समता आश्वासन तथा अनुपालन शाखा, प्रशासन सम्बन्धी राज्यको सह-सुपरिवेक्षकको कार्यालय, मेरिल्याण्ड राज्य शिक्षा विभाग, 200 वेष्ट बालटिमोर स्ट्रिट, 6th तला, बालटिमोर, MD 21201-2595, 410-767- 0433, फ्याक्स 410-767-0431, www.MarylandPublicSchools.org। अमेरिकी अपाङ्गता ऐन (ADA) अनुसार, अनुरोध गरेपश्चात यो कागजात वैकल्पिक ढाँचाहरूमा उपलब्ध हुन्छ। प्रारम्भिक हस्तक्षेप/विशेष शिक्षा सेवाहरूको विभाग, मेरिल्या ्ड राज्य शिक्षा विभागलाई भ्वाइस (410) 767-7770 मा सम्पर्क गर्नुहोस् वा (410) 333-1571 मा फ्याक्स गर्नुहोस्।

**Mohammed Choudhury**
विद्यालय राज्य निरीक्षक

**Clarence C. Crawford**
अध्यक्ष
राज्य शिक्षा परिषद्

**Carol A. Williamson, Ed.D.**
प्रमुख शैक्षिक अधिकारी

**Marcella E. Franczkowski, M.S.**
सहायक राज्य निरीक्षक
प्रारम्भिक हस्तक्षेप/विशेष शिक्षा सेवाहरूको विभाग

**Larry Hogan**
गभर्नर

मेरिल्याण्ड राज्य शिक्षा विभाग
प्रारम्भिक हस्तक्षेप/विशेष शिक्षा सेवाहरूको विभाग 200 West
Baltimore Street
Baltimore, Maryland 21201
410-767-7770 (फोन)
410-333-1571 (फ्याक्स)
http://www.marylandpublicschools.org

यो कागजात मेरिल्याण्ड राज्य शिक्षा विभाग, प्रारम्भिक हस्तक्षेप तथा विशेष शिक्षा सेवाहरूको विभागबाट निम्न भाषाहरूमा उपलब्ध हुन्छन्: आम्हारिक, अरेबिक, बेङ्गाली, बर्मेली, चिनियाँ, दारी),फ्रेन्च, गुजराती, हाइटियन, हिब्रु, हिन्दी, जापानी, कोरियाली, नेपाली, पाश्तो, पोर्चुगाली, रसियन, स्पेनिस, टागालग, टर्किश, उर्दु र भियतनामी।

संशोधित मे 2021_FINAL प्रभावकारी
जुलाई 1, 2021

# विषयसूची

प्रक्रियात्मक सुरक्षाहरूको सूचना ....... 1

मातृ भाषा ....... 2

विद्युतीय पत्राचार ....... 2

अग्रिम लिखित सूचना ....... 2

सूचना: ....... 2

लिखित सूचनाको विषय-वस्तु: ....... 3

अभिभावकको सहमति: ....... 3

IEP – भाग B ....... 4

प्रारम्भिक मूल्याङ्कनको लागि अभिभावकीय सहमति: ....... 4

राज्यका वार्डहरूको प्रारम्भिक मूल्याङ्कनका लागि विशेष नियमहरू: ....... 4

सेवाहरूको लागि अभिभावकीय सहमति: ....... 5

सेवाहरूको लागि अभिभावकीय सहमतिको फिर्ता: ....... 5

IEP बालबालिका र युवाको लागि पूनर्मूल्याङ्कनहरूको लागि अभिभावकीय सहमति: ....... 5

अभिभावकीय सहमति प्राप्त गर्न उचित प्रयत्नहरूको कागजातीकरण: ....... 6

अन्य सहमतिका आवश्यकताहरू: ....... 6

IFSP – भाग C ....... 7

IFSP बाट सेवाहरूको लागि अभिभावकको सहमति: ....... 7

अभिभावकहरूसँग पनि सेवाहरूलाई अस्वीकार गर्ने अधिकार छ: ....... 7

अतिरिक्त निर्धारण र मूल्याङ्कनहरूको लागि अभिभावकीय सहमति: ....... 7

स्वतन्त्र शैक्षिक मूल्याङ्कन ....... 7

परिभाषाहरू: ....... 8

सार्वजनिक निकायको मापदण्ड: ....... 8

सार्वजनिक खर्चमा हुने मूल्याङ्कनको अभिभावक अधिकार: ....... 8

अभिभावकले सुरु गरेको मूल्याङ्कन: ....... 9

प्रशासनिक कानून न्यायाधीश (ALJ) द्वारा मूल्याङ्कनको अनुरोध: ....... 9

प्रतिनिधि अभिभावकहरू ....... 9

प्रतिनिधि अभिभावकहरूको मापदण्ड: ....... 9

जानकारीको गोपनीयता ....... 10

परिभाषाहरू: ....... 10

सुरक्षाहरू: ....... 11

सहमति: ....... 11

पहुँच अधिकारहरू: ....... 12

पहुँचको रेकर्ड: ....... 13

अभिभावकको अनुरोधमा रेकर्डहरूको संशोधन: ....... 13

जानकारीको विनाशका कार्यविधिहरू: ....... 13

बालबालिकाका अधिकारहरू: ....... 14

अनुशासनात्मक जानकारी: ....... 14

असक्षमताहरू भएका बालबालिकाको अनुशासन ....... 14

परिभाषाहरू: ....... 14

विद्यालय कर्मचारीको अधिकारी: ....... 15

सेवाहरू: ....... 15

प्रत्यक्षीकरण निर्धारण ....... 16

विशेष परिस्थितिहरू: ....... 17

स्थान नियोजनको परिवर्तन: ....... 17

अनुशासनात्मक कार्यवाहीको अपील: ....... 18

बच्चालाई अझैसम्म योग्य निर्धारण गरिएको छैन ....... 18

कानून कार्यन्वयन र न्यायिक अधिकारीहरूमा गरिने सिफारिस र उनीहरूद्वारा गरिने कार्यवाही ....... 19

सार्वजनिक खर्चमा निजी विद्यालयहरूमा ....... 19

प्रतिपूर्तिको सीमितता: ....... 20

वयस्कताको उमेरमा ....... 21

असहमतिहरू समाधान गर्ने ....... 21

मध्यस्थता: ....... 22

मध्यस्थतालाई प्रोत्साहित गर्ने बैठक: ....... 23

राज्य उजुरी र उचित प्रक्रियाको उजुरीको बीचमा भिन्नता: ....... 23

राज्य उजुरी: ........ 23
राज्य उजुरी समाधान गर्ने तरीका: ........ 25
उचित प्रक्रियाको सुनुवाईको अधिनमा रहेको राज्य उजुरी समाधान गर्ने: ........ 25
उचित प्रक्रियाको उजुरी: ........ 25
उचित प्रक्रियाको उजुरीको विषयवस्तु: ........ 26
उचित प्रक्रिया उजुरीको प्रतिक्रिया: ........ 26
सूचनाको पर्याप्तता: ........ 27
कार्यवाहीहरूको अवधिमा बच्चाको स्थिति: ........ 27
समाधान प्रक्रिया: ........ 27
30 पात्रो दिन समाधान अवधिमा समायोजनहरू: ........ 28
समाधान सम्झौता सहमति: ........ 29
उचित प्रक्रियाको सुनुवाई: ........ 29
प्रशासनिक कानूनी न्यायाधीश (ALJ): ........ 29
उचित प्रक्रिया उजुरीको विषय मामिला: ........ 30
सुनुवाई अधिकारहरू: ........ 30
जानकारीको अतिरिक्त खुलासा: ........ 30
अभिभावकका अधिकारहरू: ........ 30
सुनुवाई निर्णय: ........ 30
छुट्टै उचित प्रक्रियाको उजुरी: ........ 31
सुनुवाईका समयसीमा र सहजता: ........ 31
सुनुवाईका निर्णयहरू: ........ 32
अन्तिम सुनुवाई निर्णय: ........ 32
अपील: ........ 32
अधिवक्ताहरूका शुल्कहरू ........ 33
IDEA विवाद समाधान प्रक्रियाहरूको तुलना चार्ट ........ 35

# प्रक्रियात्मक सुरक्षाहरूको सूचना

## 34 C.F.R. § 300.504 र § 303.421 र § 303.404

**प्रक्रियात्मक सुरक्षाहरूको सूचनामा सजिलै बुझ्न सकिने र उपयुक्त हुँदा अभिभावकको मातृभाषामा अभिभावकीय अधिकारहरूको पूर्ण व्याख्या समावेश गर्छ। यो प्रक्रियात्मक सुरक्षाहरू असक्षमताहरू भएका बालबालिका र संघीय कानून अन्तर्गतका परिवारहरू, असक्षमताहरूको शैक्षिक ऐन अन्तर्गतका व्यक्तिहरूमा लागू हुन्छ।**

यो कागजातमा समावेश गरिएका सुरक्षाहरू संघीय असक्षमताहरू भएका व्यक्तिहरूको शिक्षा ऐन (IDEA), 20 U.S.C. §1400 *et seq.*, संघीय नियमनहरूको संहिता (CFR), 34 C.F.R. § 300.1 *et. seq*। (IEP) र 34 C.F.R. § 303.1 *et. seq.* (IFSP) र मेरिल्याण्ड नियमावली सहिंताका निम्न च्याप्टरहरू वा COMAR: COMAR 13A.05.01, COMAR 13A.08.03 र COMAR 13A.13.01 द्वारा स्थापना गरिएका हुन्। प्रत्येक सार्वजनिक निकायले IDEA का आवश्यकताहरू पूरा गर्ने प्रक्रियात्मक सुरक्षाहरूलाई स्थापना गर्नेछ, कायम राख्नेछ र कार्यान्वयन गर्नेछ। उपयुक्त हुँदा, यो सूचनाले भागको B को लागि IEP र भाग C को लागि IFSP सङ्केत गरेर IDEA को भाग B वा भाग C मा उपलब्ध हुने खण्डहरूलाई सङ्केत गर्नेछ।

IFSP बाट सेवाहरू प्राप्त गर्ने बालबालिका र परिवारहरूको लागि, अभिभावकहरूले निम्न अवस्थामा प्रक्रियात्मक सुरक्षाहरूको प्रतिलिपि प्राप्त गर्छन्:

- प्रारम्भिक हस्तक्षेप सेवाहरूको प्रदायकले बच्चाको पहिचान, मूल्याङ्कन वा स्थान नियोजन वा बच्चा र उक्त बच्चाको परिवारलाई प्रारम्भिक हस्तक्षेप सेवाहरूको प्रावधानलाई प्रस्ताव वा अस्वीकार गर्दा, आरम्भ वा परिवर्तन गर्दा सहित पूर्व लिखित सूचनाको साथमा;
- भाग C अन्तर्गत बालबालिकालाई प्रारम्भिक हस्तक्षेप सेवाहरूको लागि सन्दर्भ गर्दा; वा
- प्रारम्भिक हस्तक्षेप सेवाहरूको प्रावधानको लागि सहमति प्राप्त गर्दा भुक्तानीहरूको नीतिहरूका राज्यको प्रणालूको प्रतिलिपिसँग।

IEP बाट सेवाहरूको प्राप्त गरिरहेका बालबालिकाको लागि, सार्वजनिक नियकायले अभिभावकहरूलाई कागजातको अर्को प्रतिलिपि दिनुपर्दा बाहेक अभिभावकहरूले वर्षमा एकपटक प्रक्रियात्मक सुरक्षाहरूको कागजातको प्रतिलिपि प्राप्त गर्न आवश्यक हुन्छ;

- मूल्याङ्कनको लागि प्रारम्भिक सिफारिस वा अभिभावकीय अनुरोध भएको बेलामा;
- विद्यालय वर्षमा पहिलो लिखित राज्य उजुरीको प्राप्तिपश्चात;
- कुनै एक शैक्षिक सत्रमा प्रथम उचित प्रक्रिया उजुरी प्राप्त भएको बेलामा;
- अनुशासनात्मक कार्यवाही गर्ने निर्णय लिँदा; र
- अभिभावकले अनुरोध गर्दा।

सार्वजनिक निकायले आफ्नो इन्टरनेट वेबसाइट भएको खण्डमा उक्त वेबसाइटमा प्रक्रियात्मक सुरक्षाहरूको हालको प्रतिलिपि राख्न सक्छ।

प्रक्रियात्मक सुरक्षाहरूको कागजातमा उक्त कार्य गर्न स्पष्ट रूपमा सम्भव हुँदा बाहेक सजिलै बुझ्नसकिने तरिका र अभिभावकको मातृभाषामा अभिभावकका अधिकारहरूको पूर्ण सूचना समावेश छ। मातृभाषा वा अभिभावकको सञ्चारको अन्य मोड लिखित भाषामा छैन भने, सार्वजनिक निकायले अभिभावकको मातृभाषा वा सञ्चारको अन्य मोडमा मौखिक वा अन्य माध्यमहरूद्वारा प्रक्रियात्मक सुरक्षाहरूलाई अनुवादन गर्न चरणहरू अपनाउनुपर्नेछ। उक्त सार्वजनिक निकायले अनिवार्य रूपमा सूचनाको भाषानुवाद तथा अभिभावकहरूले प्रक्रियागत सूरक्षाको विषय-वस्तु बुझेका छन् भनेर अभिलेख गर्ने खालको लिखित प्रमाण राख्नुपर्छ।

# मातृ भाषा
## IEP र IFSP
## 34 C.F.R. § 300.612, § 300.29, § 303.421 र § 303.25

**अभिभावकहरूसँग आफूले बुझ्ने भाषामा सूचना प्राप्त गर्ने अधिकार हुन्छ।**

अंग्रेजी भाषामा सीमित दखल भएका व्यक्तिहरूका सन्दर्भमा मातृ भाषाले देहायका कुराहरू जनाउछ:

- उक्त व्यक्तिले सामान्यतया प्रयोग गर्ने भाषा, वा बच्चाको सन्दर्भमा, बच्चाको अभिभावकहरूले सामान्यतया प्रयोग गर्ने भाषा;
- (कुनै बच्चाको मूल्याङ्कन सहितको) बच्चासँगको सम्पूर्ण प्रत्यक्ष सम्पर्कमा निज बच्चाले घर वा अध्ययन गर्ने वातावरणमा समान्यतया प्रयोग गर्ने भाषा।

बहिरोपना वा अन्धता भएको व्यक्ति वा लिखित भाषा नभएको व्यक्तिको लागि उक्त व्यक्तिले सामान्यतया प्रयोग गर्ने (सांकेतिक भाषा, ब्रेल वा मौखिक सञ्चार जस्ता) कुराहरू नै सञ्चारको माध्यम हुन्छन्।

अभिभावकहरूले आफ्नो बच्चाको पूरा गरिएको IFSP वा IEP लाई अभिभावकको मातृभाषामा अनुवाद गर्नको लागि अनुरोध गर्न सक्नुहुन्छ। अभिभावकहरूद्वारा बोलिने मातृभाषा स्थानीय विद्यालय प्रणालीमा विद्यार्थीको जनसङ्ख्याको एक प्रतिशत (1%) भन्दा धेरै बोलिन्छ भने, उपयुक्त विद्यालय कर्मचारीले अभिभावकहरूलाई अनुरोधको मिति देखि 30 दिन भित्र अनुवाद गरिएको कागजात उपलब्ध गराउनुपर्छ। यो एक प्रतिशत अनुवादनको आवश्यकतालाई यो कागजातको मध्यस्थता खण्डमा पनि छलफल गरिएको छ।

# विद्युतीय पत्राचार
## IEP र IFSP 34
## C.F.R. § 300.505

**विद्युतीय रूपमा सूचना प्राप्त गर्ने विकल्प उपलब्ध भएको खण्डमा अभिभावकहरू विद्युतीय रूपमा सूचनाहरू प्राप्त गर्न सक्ने छन्।** सार्वजनिक निकायले अभिभावकहरूलाई इमेलद्वारा कागजातहरू प्राप्त गर्ने रोजाइ प्रस्ताव गर्छ भने, अभिभावकले निम्न कुराहरू इमेलद्वारा प्राप्त गर्ने छनोट गर्न सक्नुहुन्छ:

- पूर्व लिखित सूचना;
- प्रक्रियात्मक सूरक्षाहरूको सूचना; र
- उचित प्रक्रियाको लागि गरिने अनुरोध सम्बन्धी सूचनाहरू।

# अग्रिम लिखित सूचना
## IEP र IFSP
## 34 C.F.R. §§ 300.503 र 303.421

**अभिभावकहरूसँग आफ्नो बच्चाका प्रारम्भिक हस्तक्षेप सेवा वा विशेष शिक्षा र सम्बन्धित सेवाहरूसँग सम्बन्धित सार्वजनिक निकायका कार्यहरू बारे लिखित जानकारी प्राप्त गर्ने अधिकार छ।**

### सूचना:
सार्वजनिक निकायले अभिभावकहरूलाई निम्न कुराहरू प्रस्ताव वा अस्वीकार, आरम्भ वा परिवर्तन गर्नुभन्दा अगाडि उचित समयमा लिखित सूचना उपलब्ध गराउनुपर्छ:

- परिचय;
- मूल्याङ्कन;
- शैक्षिक कार्यक्रम;

- बच्चाको शैक्षिक स्थान नियोजन (भर्ना)
- बच्चालाई नि:शुल्क उचित सार्वजनिक शिक्षा (FAPE) को प्रावधान; वा
- IFSP मार्फत बच्चा र बच्चाको परिवारलाई प्रारम्भिक हस्तक्षेप सेवाहरूको प्रावधान वा
- IEP मार्फत बच्चालाई शैक्षिक शिक्षा र सम्बन्धित सेवाहरूको प्रावधान।

अभिभावकीय सहमति आवश्यक पर्ने कार्यसँग सम्बन्धित लिखित सूचना हुँदा, सार्वजनिक निकायले सोही समयमा लिखित सूचना दिन सक्छ।

## लिखित सूचनाको विषय-वस्तु:

IFSP बाट सेवाहरू प्राप्त गरिरहेका बालबालिका र परिवारहरूको लागि, लिखित सूचनामा निम्न हुनुपर्छ:

- प्रशताव गरिन लागिएको वा अस्वीकार गरिएको कार्यलाई व्याख्या गर्नुपर्छ;
- कार्य गर्नुका कारणहरूलाई व्याख्या गर्नुपर्छ: र
- प्रक्रियात्मक सुरक्षाहरूलाई समावेश गर्नुपर्छ।

IEP बाट सेवाहरू प्राप्त गरिरहेका बालबालिकाको लागि, लिखित सूचनाले निम्न गर्नुपर्छ:

- सार्वजनिक निकायले प्रस्ताव गरेको वा अस्वीकार गरेका कार्य(हरू) लाई व्याख्या गर्नुपर्छ;
- सार्वजनिकले कार्य(हरू) लिन किन प्रस्ताव गर्दैछ वा अस्वीकार गर्दैछ भनी व्याख्या गर्नुपर्छ;
- कार्य(हरू) प्रस्ताव वा अस्वीकार गर्ने निर्णयमा सार्वजनिक निकायले प्रयोग गरेको प्रत्यक मूल्याङ्कनको कार्यविधि, मूल्याङ्कन, रेकर्ड वा रिपोर्टलाई व्याख्या गर्नुपर्छ;
- IDEA मा प्रक्रियात्मक सुरक्षाहरूका प्रावधानहरू अन्तर्गत अभिभावकहरू संरक्षित छन् भनी कथन समावेश हुनुपर्छ;
- सार्वजनिक निकायले प्रस्ताव वा अस्वीकार गरिरहेको कार्यवाही मूल्याङ्कनको प्रारम्भिक सिफारिस होइन भने अभिभावकहरूलाई उहाँहरूले प्रक्रियात्मक सुरक्षाहरूको विवरण कसरी प्राप्त गर्न सक्छन् भनी बताउनुपर्छ;
- IDEA बुझ्नमा मद्दतको लागि अभिभावकहरूलाई सम्पर्क गर्नको लागि स्रोतहरू समावेश गर्नुपर्छ;
- बच्चाको व्यक्तिकृत शैक्षिक कार्यक्रम (IEP) टोलीले विचार गरेको र ती छनोटहरूलाई कीन अस्वीकार गरिएको थोयो भनी कुनै पनि अन्य छनोटलाई व्याख्या गर्नुपर्छ; र
- सार्वजनिक निकायले कार्यलाई किन प्रस्ताव वा अस्वीकार गऱ्यो भनी अन्य कारणहरूको विवरण उपलब्ध गराउनुपर्छ।

# सहमति

**IEP र IFSP**

**34 C.F.R. § 300.300 and 34 C.F.R. § 303.420**

## अभिभावकको सहमति:

**सार्वजनिक निकायले दुवै प्रारम्भिक हस्तक्षेप र विशेष शिक्षा र सम्बन्धित सेवाहरूको लागि बच्चालाई पहुँच गर्न र पहिलो पटकको प्रारम्भिक हस्तक्षेप र विशेष शिक्षा र सम्बन्धित सेवाहरू उपलब्ध गराउनुअघि अभिभावकीय सहमति प्राप्त गर्नुपर्छ। अभिभावकहरूसँग कुनै पनि समयमा सहमति फिर्ता लिने अधिकार छ। मूल्याङ्कनको लागि सहमतिमा केही अपवादहरू छन्।**

सहमति भन्नाले अभिभावकहरूलाई:

- सहमति खोजिएको क्रियाकलापकसँग सम्बन्धित सबै जानकारीको बारेमा उहाँहरूको मातृभाषा वा अन्य सञ्चारको माध्यममा पूर्ण रूपमा सूचित गरिएको छ;
- अभिभावकहरू सहमति खोजिएका क्रियाकलापहरू गर्ने बारे बुझ्नुहुन्छ र र लिखितमा सहमति जनाउनुहुन्छ र सहमतिले खुलासा गरिने क्रियाकलाप र कसलाई गर्ने भनी व्याख्या गर्दछ र रेकर्डहरू सूचीबद्ध गर्छ (कुनै भएमा); र
- सहमति प्रदान गर्ने कार्य स्वैच्छिक हुन्छ र कुनै पनि समयमा रद्द गर्न सकिन्छ भनी बुझ्नुहुन्छ।

अभिभावकहरूले सहमति फिर्ता लिनुहुन्छ भने, यसले सार्वजनिक निकायले सहमति प्राप्त गरेको समय र यसलाई फिर्ता

लिनुभन्दा अगाडिको समयको बीचमा भएको कार्यलाई रद्द गर्दैन।

अभिभावकले बच्चालाई विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्रारम्भिक रूपमा उपलब्ध गराएपछि विशेष शिक्षाका सेवाहरू प्राप्त गर्नको लागि आफ्नो बच्चाको लागि लिखितमा सहमति रद्द गर्नुहुन्छ भने,सार्वजनिक निकायलाई सहमतिको खण्डनको कारण विशेष शिक्षा र सम्बन्धित सेवाहरूको बच्चाको प्राप्तिका कुनै पनि सन्दर्भलाई हटाउन बच्चाको शैक्षिक रेकर्डहरू संशोधन गर्न आवश्यक हुँदैन।

## IEP – भाग B

# प्रारम्भिक मूल्याङ्कनको लागि अभिभावकीय सहमतिः

सार्वजनिक निकायले बच्चा विशेष शिक्षा र सम्बन्धित सेवाहरूको लागि योग्य हुनुहुन्छ वा हुनुहुँदैन भनी निर्धारण गर्नकोलागि बच्चाको प्रारम्भिक मूल्याङ्कन गर्नुअघि र पहिलो पटक विशेष शिक्षा र सम्बन्धित सेवाहरू उपलब्ध गराउनुअघि अभिभावकीय सहमति प्राप्त गर्नुपर्छ। [1]सार्वजनिक निकायले बच्चा विशेष शिक्षा र सम्बन्धित सेवाहरूको योग्य हुनुहुन्छ वा हुनुहुँदैन भनी निर्धारण गर्न बच्चाको प्रारम्भिक मूल्याङ्कन सञ्चालन गर्न सक्नुअघि, सार्वजनिक निकायले निम्न कुराहरू गर्नुपर्छ:

- अभिभावकहरूलाई प्रस्तावित कार्यको पूर्व लिखित सूचना उपलब्ध गराउनुपर्छ; र
- प्रारम्भिक मूल्याङ्कन सञ्चालन गर्नुपूर्व अभिभावकबाट सूचित सहमति प्राप्त गर्नुपर्छ; र
- अभिभावकलाई पूर्व लिखित सूचनाको साथमा प्रक्रियात्मक सुरक्षाहरूको सूचनाको प्रतिलिपि उपलब्ध गराउनुपर्छ।

सार्वजनिक निकायले बच्चा विशेष शिक्षा र सम्बन्धित सेवाहरूको प्रावधान आवश्यक पर्ने असक्षमता भएको बच्चा हो वा होइन भनी निर्णय लिन प्रारम्भिक मूल्याङ्कनको लागि सूचित सहमति प्राप्त गर्ने उचित प्रयत्नहरू गर्नुपर्छ। सार्वजनिक विद्यालयमा नामांकित वा सार्वजनिक विद्यालयमा नामांकित हुन खोजिरहेको बच्चाको अभिभावकले प्रारम्भिक मूल्याङ्कनको लागि सहमति उपलब्ध गराउनु हुँदैन भने, सार्वजनिक निकायले मध्यस्थता वा उचित प्रक्रियाको उजुरी जस्ता यहाँ भित्र थप छलफल गरिएका प्रक्रियात्मक सुरक्षाहरूलाई उपयोग गरेर बच्चाको प्रारम्भिक मूल्याङ्कनलाई अनुसरण गर्न सक्छ तर आवश्यक हुँदैन।[2]

होम स्कूलमा भएको वा अभिभावकहरूद्वारा आफ्नै खर्चमा नीजि विद्यालयमा राखिएको बच्चाको अभिभावकले प्रारम्भिक मूल्याङ्कन वा पुनर्मूल्याङ्कनको लागि सहमति उपलब्ध गराउनुहुँदैन वा अभिभावक सहमति उपलब्ध गराउने अनुरोधमा प्रतिक्रिया जनाउन असफल हुनुभयो भने, सार्वजनिक निकायले माथि व्याख्या गरिएका सहमति ओभरराइड कार्यविधिहरू प्रयोग नगर्न सक्छ।[3]

प्रारम्भिक मूल्याङ्कनका लागि अभिभावकले दिएको सहमतिले उक्त अभिभावकले सार्वजनिक निकायलाई प्रारम्भिक हस्तक्षेप वा विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू आफ्नो बच्चालाई प्रदान गर्न सुरु गर्ने अनुमति पनि दिएको भन्ने अर्थ लाग्दैन।

## राज्यका वार्डहरूको प्रारम्भिक मूल्याङ्कनका लागि विशेष नियमहरू:

बच्चा राज्यको वार्ड हो र आफ्ना अभिभावकहरूसँग बसिरहेका छैनन् भनी, सार्वजनिक निकायलाई बच्चा असक्षमता भएको बच्चा हो भनी निर्धारण गर्न प्रारम्भिक मूल्याङ्कनका लागि अभिभावकहरूबाट सहमति आवश्यक हुँदैन

यदि:

- बच्चाको अभिभावकलाई फेला पार्ने उचित प्रयत्नहरूको बावजूद, सार्वजनिक निकाय असफल हुन्छ;
- राज्य कानूनको अनुसार अभिभावकहरूका अधिकारहरूलाई खारेज गरिएको छ; वा

(1)34 CFR § 300.300(a).
(2)34 CFR § 300.300(a)(3)(i).
(3)34 CFR § 300.300(d)(4)(i-ii).

- न्यायाधीशले अभिभावक बाहेक अन्य व्यक्तिलाई शैक्षिक निर्णयहरू लिने र प्रारम्भिक मूल्याङ्कनको लागि सहमति दिने अधिकार सुम्पिनुभएको छ।

## सेवाहरूको लागि अभिभावकीय सहमति:

सार्वजनिक निकायले पहिलो पकट बच्चालाई विशेष शिक्षा र सम्बन्धित सेवाहरू उपलब्ध गराउनुअघि सूचित सहमति प्राप्त गर्नुपर्छ. सार्वजनिक निकायले अभिभावकहरूले निम्न कुराहरू गर्नुहुन्छ भने अभिभावकीय सहमति बिना विशेष शिक्षा र सम्बन्धित सेवाहरू उपलब्ध गराउन सकिन्छ भनी सम्झौता वा निर्णय प्राप्त गर्न मध्यस्थता वा बाँकी प्रक्रियाका कार्यविधिहरू प्रयोग <u>गर्नुहुँदैन</u>:

- आफ्नो बच्चाको लागि विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्राप्त गर्नको लागि सहमति दिन अस्वीकार गर्नुहुन्छ; वा
- पहिलो पटक विशेष शिक्षा र सम्बन्धित सेवाहरूको प्रावधानको लागि सहमति उपलब्ध गराउने अनुरोधमा प्रतिक्रिया जनाउनुहुन्न।

अभिभावकले पहिलो पटक आफ्नो बच्चालाई विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्राप्त गर्नको लागि सहमति दिन अस्वीकार गर्नुभएमा वा अभिभावकहरूले सहमति उपलब्ध गराउने अनुरोधमा प्रतिक्रिया जनाउनुभएन भने, सार्वजनिक निकाय:

- उहाँहरूको बच्चालाई नि:शुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) उपलब्ध गराउन आवश्यकताको उल्लङ्घनमा हुँदैन;<u> र</u>
- व्यक्तिगत शिक्षा कार्यक्रम (IEP) बैठक गर्न वा उहाँहरूको बच्चाको लागि IEP विकास गर्न आवश्यक हुँदैन।

## सेवाहरूको लागि अभिभावकीय सहमतिको फिर्ता:

सार्वजनिक निकायले विशेष शिक्षा र सम्बन्धित सेवाहरूको प्रारम्भिक प्रावधान सुरु गरेपछि कुनै पनि समयमा विशेष शिक्षा र सम्बन्धित सेवाहरूको निरन्तर प्रावधानको लागि लिखितमा सहमति फिर्ता लिनुहुन्छ भने, सार्वजनिक निकायलाई:

- सहमतिको खण्डन भएको कारण विशेष शिक्षा र सम्बन्धित सेवाहरूको बच्चाको प्राप्तिमा कुनै पनि सन्दर्भलाई हटाउन बच्चाका शैक्षिक रेकर्डहरू संशोध गर्न आवश्यक हुँदैन;
- बच्चालाई विशेष शिक्षा र सम्बन्धित सेवाहरू उपलब्ध गराउने कार्यलाई जारी नराख्न सक्छ तर विशेष शिक्षा र सम्बन्धित सेवाहरूको प्रावधानलाई समाप्त गर्नुअघि सबै विशेश शिक्षा र सम्बन्धित सेवालाई रोक्न अभिभावकको लिखित अनुरोधको अभिभावलाई पूर्व लिखित सूचना उपलब्ध गराउनुपर्छ;
- बच्चालाई सेवाहरू उपलब्ध गराउन सकिन्छ भनी सम्झौता वा निर्णय प्राप्त गर्न मध्यस्थता वा उचित प्रक्रियाका कार्यविधिहरू प्रयोग नगर्न सक्छ;
- बच्चालाई अतिरिक्त विशेष शिक्षा र सम्बन्धित सेवाहरू उपलब्ध गराउन असफल भएको कारणले बच्चालाई FAPE उपलब्ध गराउन आवश्यकताको उल्लङ्घन गरेको मानिनेछैन; र
- विशेष शिक्षा र सम्बन्धित सेवाहरूको अतिरिक्त प्रावधानको लागि IEP टोली बैठक संयोजन गर्न वा IEP विकास गर्न आवश्यक हुँदैन।

सहमति फिर्ता लिनाले सरकारी निकायले सहमति प्राप्त गरेको समय र सहमति फिर्ता लिनुभन्दा अगाडिको बीचमा भएको कार्यलाई रद्द गर्दैन।

## IEP बालबालिका र युवाको लागि पूनर्मूल्याङ्कनहरूको लागि अभिभावकीय सहमति:

सार्वजनिक निकायले बच्चाको पूनर्मूल्याङ्कन सञ्चालन गर्नुपूर्व सार्वजनिक निकायले निम्न कुराहरू देखाउन सक्दा बाहेक सूचित सहमति प्राप्त गर्नुपर्छ;

- यसले पुनर्मूल्याङ्कनको लागि अभिभावकीय सहमति प्राप्त गर्न उचित कदमहरू चालेको छ<u>; र</u>
- अभिभावकले प्रतिक्रिया जनाउनुभएन।

अभिभावकहरूले नयाँ मूल्याङ्कनहरूको लागि सहमति दिन अस्वीकार गर्नुभयो भने, सार्वजनिक निकायले अभिभावकको सहमति उपलब्ध गराउने अस्वीकृतिलाइ चुनौती दिन मध्यस्थता वा उचित प्रक्रियाका कार्यविधिहरू प्रयोग गरेर अभिभावकको अस्वीकृतिलाई ओभरराइड गर्न खोज्न सक्नुहुन्छ तर आवश्यक हुँदैन। प्रारम्भिक मूल्याङ्कन जस्तै, सार्वजनिक निकायले नयाँ मूल्याङ्कनहरू अनुसरण गर्न अस्वीकार गरेमा IDEA अन्तर्गत आफ्ना दायित्वहरूलाई उल्लङ्घन गर्दैन।

## अभिभावकीय सहमति प्राप्त गर्न उचित प्रयत्नहरूको कागजातीकरण:

सार्वजनिक निकायले प्रारम्भिक मूल्याङ्कनहरूको अभिभावकीय सहमति प्राप्त गर्न, पुनर्मूल्याङ्कनहरूको लागि पहिलो पटक विशेष शिक्षा र सम्बन्धित सेवाहरू उपलब्ध गराउन र प्रारम्भिक मूल्याङ्कनहरूको लागि राज्यका वार्डहरूका अभिभावकहरूलाई पत्ता लगाउन उचित प्रयत्नहरूको कागजातीकरणलाई कायम राख्नुपर्छ।
कागजातीकरणमा निम्न जस्ता अभिभावकीय सहमति प्राप्त गर्न सार्वजनिक निकायका प्रयत्नहरूको रेकर्ड समावेश हुनुपर्छ:

- फोन गरिएका वा गर्ने प्रयास गरिएका टेलिफोन कलहरूका विस्तृत रेकर्डहरू र ती कलहरूका नतिजाहरू;
- अभिभावकहरूलाई पठाइएको पत्रका प्रतिलिपिहरू र प्राप्त गरिएको कुनै पनि प्रतिक्रिया; र
- अभिभावकको घर वा रोजगारीको स्थानमा गरिएका भेटहरूका विस्तृत रेकर्ड र ती भेटहरूका नतिजाहरू।

## अन्य सहमतिका आवश्यकताहरू:

सार्वजनिक निकायले निम्न कुराहरू गर्नुभन्दा अगाडि अभिभावकीय सहमति आवश्यक <u>हुँदैन</u>:

- आफ्नो बच्चाको प्रारम्भिक मूल्याङ्कन वा पुनर्मूल्याङ्कनको भागको रूपमा विद्यमान डाटाको समीक्षा गर्दा; <u>वा</u>
- तपाईंको बच्चालाई सबै बालबालिकाका सबै अभिभावकहरूबाट जाँच वा मूल्याङ्कनको सहमति आवश्यक हुनुभन्दा अगाडि बाहेक सबै बालबालिका दिइने जाँच वा अन्य मूल्याङ्कन दिन्छ.

सार्वजनिक निकायले अभिभावक वा बालबालिकालाई कुनै अन्य सेवा, लाभ वा क्रियाकलाप दिने अस्वीकृतमा सहमति दिने अभिभावकको अस्वीकृतिलाई प्रयोग नगर्न सक्छ।

अभिभावकले आफ्नो बच्चालाई होम स्कूलमा राख्नुहुन्छ वा आफ्नो बच्चालाई आफ्नै खर्चमा नीजि विद्यालयमा भर्ना गर्नुहुन्छ भने, सार्वजनिक निकायले सहमतिलाई ओभरराइड गर्न मध्यस्थता वा उचित प्रक्रियाका कार्यविधिहरू प्रयोग नगर्न सक्छ र सार्वजनिक निकायलाई 34 C.F.R. §§ 300.132-300.144 अन्तर्गत सेवाहरूको लागि बच्चालाई योग्य मान्न आवश्यक हुँदैन, यदि:

- अभिभावकले आफ्नो बच्चाको प्रारम्भिक मूल्याङ्कन वा पूनर्मूल्याङ्कनका लागि सहमति उपलब्ध गराउनुहुँदैन; वा
- अभिभावक सहमति उपलब्ध गराउने अनुरोधमा प्रतिक्रिया जनाउन असफल हुनुभयो।

IDEA लाई अभिभावकीय सहमति (प्रारम्भिक मूल्याङ्कन, सेवाहरूको प्रारम्भिक प्रावधान र पुनर्मूल्याङ्कन) आवश्यक पर्ने IDEA को लागि कार्यहरूको अतिरिक्तमा, मेरिल्याण्ड कानूनलाई टोलीले निम्न कुराहरू प्रस्ताव गर्छ भने IEP टोलीले अभिभावकको लिखित सहमति प्राप्त गर्न आवश्यक हुन्छ:

- मेरिल्याण्ड हाई स्कूल डिप्लोमा क्रेडिटहरू जारी वा उपलब्ध नगराउने वैकल्पिक शैक्षिक कार्यक्रममा बच्चालाई भर्ना गर्न;
- राज्यको वैकल्पिक पाठ्यक्रमसँग सम्बन्धित वैकल्पिक शैक्षिक मूल्याङ्कनको लागि बच्चालाई पहिचान गर्न; वा
- COMAR 13A.08.04.05 मा व्याख्या गरिए अनुसार बच्चाको व्यवहारलाई सम्बोधन गर्न IEP अवरोध वा पृथकता समावेश गर्न।

अभिभावकले माथि सूचीबद्ध गरिएको कुनै पनि प्रस्तावित कार्यहरूमा लिखित सूचना उपलब्ध गराउनुहुँदैन भने, IEP ले अभिभावकलाई निम्न कुराहरूको बारेमा सूचित गर्दै IEP टोली बैठक पछि पाँच (5) व्यवसाय दिनभन्दा ढिला नगरी

उहाँहरूका सहमती अधिकारहरूको लिखित सूचना पठाउनुपर्छ:

- अभिभावकसँग प्रस्तावित कार्यमा सहमति जनाउने वा सहमति जनाउन अस्वीकार गर्ने अधिकार छ; र
- अभिभावकले IEP टोली बैठकको पन्ध्र (15) व्यवसाय दिनभित्र लिखित सहमति वा लिखित अस्वीकृति उपलब्ध गराउनु हुँदैन भने, IEP टोलीले प्रस्तावित कार्यलाई कार्यान्वयन गर्न सक्छन्।

अभिभावकले माथि सूचीबद्ध गरिएका कुनै पनि प्रस्तावित कार्यहरूमा सहमति जनाउन अस्वीकार गर्नुहुन्छ भने, सार्वजनिक निकायले मामिलालाई समाधान गर्न शैक्षिक धारा §8-413 (मध्यस्थता वा बाँकी प्रक्रिया) मा सूचीबद्ध गरिएका विवाद समाधान विकल्पहरू प्रयोग गर्न सक्छन्।

## IFSP – भाग C

## IFSP बाट सेवाहरूको लागि अभिभावकको सहमति:

अभिभावकहरूले निम्न भन्दा अगाडि लिखित सूचित सहमति दिनुपर्छ:

- बच्चा र परिवारका सबै, परीक्षण, मूल्याङ्कन र निर्धारणहरू
- प्रारम्भिक हस्तक्षेप सेवा र अतिरिक्त मूल्याङ्कनहरूको प्रावधान सुरु गर्नुअघि
- लिखित सहमति दिइएको छैन भने, स्थानीय नेतृत्व निकायले अभिभावक निम्न हुनुहुन्छ भनी सुनिश्चित गर्न उचित प्रयासहरू गर्नुहुनेछ:
    - उपलब्ध हुने सेवाहरूको मूल्याङ्कन र निर्धारणको प्रकृतिको बारेमा पूर्णतया सचेत हुनुहुन्छ; र
    - लिखित सहमति दिँदा बाहेक बच्चा मूल्याङ्कन र निर्धारण प्राप्त गर्न बच्चा सक्षम हुनुहुनेछैन भनी बुझ्नुहुन्छ।

## अभिभावकहरूसँग पनि सेवाहरूलाई अस्वीकार गर्ने अधिकार छ:

योग्य बच्चाको अभिभावकले उहाँहरूले, आफ्नो बच्चा वा अन्य पारिवारिक सदस्यहरूले कुनै पनि प्रारम्भिक हस्तक्षेप सेवाहरूलाई स्वीकार गर्ने वा नगर्ने भनी निर्धारण गर्न सक्नुहुन्छ र अन्य प्रारम्भिक हस्तक्षेपका सेवाहरूलाई हानी नगरिकन यसलाई पहिले स्वीकार गरेपछि यो सेवा अस्वीकार गर्न सक्नुहुन्छ. अभिभावकले विस्तारित IFSP बाट तीन वा सोभन्दा बढी उमेरको बालबालिकाको लागि प्रारम्भिक हस्तक्षेप सेवाहरूलाई जारी राख्ने छनोट गर्नुहुन्छ भने, शैक्षिक तत्त्व समावेश गरिएको हुनुपर्छ। अभिभावकले शैक्षिक तत्त्व चाहनुहुन्न भने, उहाँहरू प्रारम्भिक हस्तक्षेप सेवाहरू प्राप्त गर्न योग्य हुनुहुँदैन।

## अतिरिक्त निर्धारण र मूल्याङ्कनहरूको लागि अभिभावकीय सहमति:

सार्वजनिक निकायले बच्चाको अतिरिक्त व्यक्तिकृत मूल्याङ्कन र निर्धारणहरू सञ्चालन गर्नुअघि सूचित सहमति प्राप्त गर्नुपर्छ। अभिभावकले सहमति प्रदान गर्नुहुँदैन भने, नेतृत्व निकायले अभिभावकहरू निम्न बारे जानकार हुनुहुन्छ भनी सुनिश्चित र्न उचित प्रयासहरू गर्नुपर्छ:

- उपलब्ध हुने बच्चाको मूल्याङ्कन तथा निर्धारणको प्रकृति बारे पूर्ण रूपमा सचेत हुनुहुन्छ; र
- सहमति प्रदान गर्दा बाहेक बच्चा मूल्याङ्कन तथा निर्धारण प्राप्त गर्न सक्षम हुनुहुनेछैन भनी बुझ्नुहुन्छ।

अभिभावकहरूले अतिरिक्त मूल्याङ्कन वा निर्धारणहरूको लागि सहमति प्रदान गर्न अस्वीकार गर्नुभयो भने, सार्वजनिक निकायले सहमति उपलब्ध गराउने अभिभावकको अस्वीकृतिमा चुनौती दिन उचित प्रक्रियाका कार्यविधिहरू प्रयोग नगर्न सक्छ।

## स्वतन्त्र शैक्षिक मूल्याङ्कन

**IEP मात्र**

**34 C.F.R. § 300.502**

**अभिभावक सार्वजनिक निकायद्वारा पूरा गरिएको मूल्याङ्कनमा असहमत हुनुहुन्छ भने, अभिभावकसँग सार्वजनिक निकायको लागि काम नगर्ने कोही व्यक्तिद्वारा आफ्नो बच्चालाई मूल्याङ्कन गर्ने अधिकार छ।**
**भाग B अन्तर्गत असक्षमता भएको बच्चाका अभिभावकहरू मात्र स्वतन्त्र मूल्याङ्कनको हकदार हुनुहुन्छ।**

## परिभाषाहरू:

- स्वतन्त्र शैक्षिक मूल्याङ्कनले बच्चाको शिक्षाको लागि जिम्मेवार सार्वजनिक निकायद्वारा रोजगारमा राखिएको उपयुक्त रूपमा योग्य कर्मचारीद्वारा सञ्चालन गरिएको मूल्याङ्कनलाई जनाउँछ; र
- सार्वजनिक खर्च भनेको मूल्याङ्कनको पूर्ण खर्च भुक्तानी गर्ने वा अन्यथा अभिभावकहरूलाई मूल्याङ्कन नि:शुल्कमा उपलब्ध गराइएको छ भनी सुनिश्चित गर्ने सार्वजनिक निकाय हो।

अभिभावकहरूसँग तल उपलब्ध गराइएका कार्यविधिहरूमा IDEA को विषय अन्तर्गत आफ्नो बच्चाको स्वतन्त्र शैक्षिक मूल्याङ्कन प्राप्त गर्ने अधिकार छ। सार्वजनिक निकायले अभिभावकहरूलाई स्वतन्त्र शैक्षिक मूल्याङ्कनको अनुरोधपश्चात निम्न बारे जानकारी उपलब्ध गराउनेछ:

- स्वतन्त्र शैक्षिक मूल्याङ्कन कहाँ प्राप्त गर्न सकिन्छ; र
- स्वतन्त्र शैक्षिक मूल्याङ्कनको लागि उपयुक्त हुने सार्वजनिक निकायको मापदण्ड।

## सार्वजनिक निकायको मापदण्ड:

स्वतन्त्र शैक्षिक मूल्याङ्कन सार्वजनिक खर्चमा हुँदा, मूल्याङ्कनको स्थान तथा मूल्याङ्कनकर्ताको योग्यता सहितका जुन मापदण्ड अन्तर्गत शैक्षिक मूल्याङ्कन प्राप्त गरिने हो ती मापदण्डहरू अभिभावकको स्वतन्त्र शैक्षिक मूल्याङ्कनको अधिकारसँग मेल खाने हदसम्म अनिवार्य रूपमा सार्वजनिक निकायले कुनै मूल्याङ्कन शुरु गर्दा प्रयोग गरेको मापदण्डहरू हुनुपर्छ । माथि उल्लेख गरिएको मापदण्डहरू बाहेकका अवस्थामा, कुनै सार्वजनिक निकायले सार्वजनिक खर्चमा प्राप्त गरिने स्वतन्त्र शैक्षिक मूल्याङ्कनसँग सम्बन्धित कुनै शर्तहरू वा समयसीमा लागू गर्न पाउने छैन ।

## सार्वजनिक खर्चमा हुने मूल्याङ्कनको अभिभावक अधिकार:

निम्न अवस्थामा,अभिभावकहरूसँग सार्वजनिक निकायले प्रत्येक पटक सञ्चालन गर्दा सार्वजनिक खर्चमा एउटा स्वतन्त्र शैक्षिक मूल्याङ्कन गर्ने अधिकार छ:

- अभिभावकहरू सार्वजनिक निकायद्वारा प्राप्त गरिएको मूल्याङ्कनसँग असहमत हुनुहुन्छ भने;[4] वा
- अभिभावकहरूले सार्वजनिक निकायद्वारा सञ्चालन गरिएको शैक्षिक मूल्याङ्कनको लागि सार्वजनिक निकायलाई लिखित अनुरोध पेश गर्नुहुन्छ भने र सार्वजनिक निकायले निम्न गर्छ भने:
  - 30 दिनभित्र अनुरोधको जवाफ दिँदैन; वा
  - अनुरोध स्वीकृत गर्छ तर अभिभावकको कुनै गल्ती नभएपनि निम्न अवधिभित्र शैक्षिक मूल्याङ्कन बैठक हुँदैन:
    - सार्वजनिक निकायले अनुरोध प्राप्त गरेको छाठी (60) दिनभित्र; वा
    - यदि राज्य गर्भनरद्वारा घोषित गरिएको आपतकालीन राज्य अन्तर्गत परेमा, सार्वजनिक निकायले अनुरोध प्राप्त गरेको छाठी (90) दिनभित्र।

अभिभावकहरूले सार्वजनिक खर्चमा स्वतन्त्र शैक्षिक मूल्याङ्कन अनुरोध गर्नुहुन्छ भने, सार्वजनिक निकायले ढिलाई नगरी अनुरोध स्वीकार गर्नुपर्छ र अभिभावकलाई सार्वजनिक खर्चमा मूल्याङ्कन प्रबन्ध गर्ने प्रक्रियाको बारेमा सुझाव दिनुपर्छ वा अनुरोधलाई अस्वीकार गर्नुपर्छ र उचित प्रक्रिया सुनुवाइको उजुरी दायर गर्नुपर्छ।

सार्वजनिक निकायले उचित सुनुवाईको प्रक्रिया आरम्भ गर्छ र सार्वजनिक निकायको मूल्याङ्कन उपयुक्त छ भनी अन्तिम निर्णय हुन्छ भने, अभिभावकहरूसँग अझैपनि स्वतन्त्र शैक्षिक मूल्याङ्कनमा अधिकार हुन्छ तर सार्वजनिक खर्चमा।

अभिभावकहरूले शैक्षिक मूल्याङ्कनको अनुरोध गर्नुहुन्छ भने, सार्वजनिक निकायले अभिभावकहरूले सार्वजनिक

मूल्याङ्कनमा विरोध गर्नुको कारण सोध्न सक्नेछ। यद्यपि, अभिभावकको व्याख्या

आवश्यक हुँदैन र सार्वजनिक निकायले सार्वजनिक खर्चमा स्वतन्त्र शैक्षिक मूल्याङ्कनलाई उपलब्ध गराएर वा सार्वजनिक निकायको मूल्याङ्कनलाई सुरक्षित गर्न उचित प्रक्रिया सुनुवाईलाई आरम्भ गरेर अनुचित रूपमा ढिलाई नगर्न सक्छ।

## अभिभावकले सुरु गरेको मूल्याङ्कन:

अभिभावकहरूसँग सधैं आफ्नो छनोटको, आफ्नो खर्चमा योग्य पेशेवरहरूबाट स्वतन्त्र शैक्षिक मूल्याङ्कन प्राप्त गर्ने अधिकार छ। बच्चालाई FAPE को प्रावधानको सम्बन्धमा कुनै पनि निर्णय लिँदा अभिभावकबाट-सुरु गरिएका मूल्याङ्कनहरूका नतिजाहरूले सार्वजनिको निकायको मापदण्डलाई पूरा गर्छ भने, सार्वजनिक निकाय र IEP टोलीद्वारा विचार गरिनुपर्छ।(4) अभिभावकबाट-सुरु गरिएको नीजि मूल्याङ्कनका नतिजाहरू बच्चासँग सम्बन्धित उचित प्रक्रियाको सुनुवाईमा प्रमाणको रूपमा प्रस्तुत गर्न पनि सकिन्छ।

## प्रशासनिक कानून न्यायाधीश (ALJ) द्वारा मूल्याङ्कनको अनुरोध:

प्रशासनिक सुनुवाई कार्यालय (OAH) को प्रशासनिक कानून न्यायाधीश (ALJ) ले उचित प्रक्रिया सुनुवाईको भागको रूपमा स्वतन्त्र शैक्षिक मूल्याङ्कनको अनुरोध गर्नुहुन्छ भने, मूल्याङ्कनको खर्च सार्वजनिक खर्चमा हुनुपर्छ।

## प्रतिनिधि अभिभावकहरू

**IEP र IFSP**

**34 C.F.R. § 300.519 र § 303.422**

स्थानीय नेतृत्व निकाय, स्थानीय विद्यालय प्रणाली वा केही उदाहरणहरूमा न्यायाधीशले योग्य बच्चालाई प्रतिनिधित्व गर्न प्रतिनिधि अभिभावक निर्दिष्ट गर्न सक्नुहुन्छ यदि:

- अभिभावकलाई पहिचान गर्न सकिँदै;
- सार्वजनिक निकायले उपयुक्त प्रयत्नहरूपछि बच्चाको अभिभावकलाई फेला पार्न सक्नुहुन्न; वा
- बच्चा मेरील्याण्ड राज्यको वार्ड हुनुहुन्छ।
- सार्वजनिक निकायले बच्चालाई प्रतिनिधि आवश्यक छ भनी निर्धारण गरेको 30 दिनभन्द ढिला नगरी नेतृत्व निकायले प्रतिनिधि अभिभावकको नियुक्तिलाई सुनिश्चित गर्न उचित प्रयासहरू गर्नुपर्छ।

## प्रतिनिधि अभिभावकहरूको मापदण्ड:

- बच्चाका हितहरूसँग कुनै द्वन्द्व नभएको
- बच्चाको पर्याप्त प्रतिनिधित्वलाई सुनिश्चित गर्ने ज्ञान र सीपहरू भएको
- राज्यको वा बच्चालाई वा बच्चाको परिवारलाई प्रारम्भिक हस्तक्षेप वा अन्य सेवाहरू प्रदान गर्ने कुरासँग आवद्ध भएको सेवा प्रदायकको कर्मचारी नभएको

एकपटक प्रतिनिधि अभिभावक नियुक्त गरेपछि, प्रतिनिधि अभिभावकसँग सबै उद्देश्यहरूको लागि अभिभावकसँग समान अधिकारहरू छन्।

- प्रतिनीधि अभिभावकलाई प्रतिनिधि अभिभावक बन्न सार्वजनिक निकायद्वारा भुक्तानी गरिएको कारण एकल रूपमा निकायको कर्मचारी मानिनेछैन।

स्थानीय नेतृत्व निकाय वा स्थानीय विद्यालय प्रणालीले प्रतिनिधि अभिभावकको नियुक्ति बारे विद्यालयहरूको राज्य सुपरिवेक्षक वा सुपरिवेक्षकको डिजाइनीलाई सूचित गर्नुपर्नेछ। प्रतिनिधि अभिभावकले निम्नसँग सम्बन्धित सबै मामिलाहरूमा बच्चालाई प्रतिनिधित्व गर्न सक्छ:

(4)34 CFR § 303.502(c).

- बच्चाको मूल्याङ्कन तथा निर्धारण;
- वार्षिक मूल्याङ्कनहरू र आवधिक समीक्षाहरूसहित बच्चाको IFSP को विकास र कार्यान्वयन;
- बच्चाको IEP को विकास, समीक्षा र संशोधन;
- IFSP बाट बच्चा र परिवारलाई प्रारम्भिक हस्तक्षेप सेवाहरूको जारी प्रावधान; वा
- IEP बाट बच्चालाई विशेष शिक्षा र सम्बन्धित सेवाहरूको प्रावधान।

## जानकारीको गोपनीयता

### IEP र IFSP

### 34 C.F.R. §§ 300.610-627 र 34 C.F.R. §§ 303.401-417

**अभिभावकहरूसँग आफ्ना बच्चाका रेकर्डहरू सही छैन भन्ने लाग्छ भने रेकर्डको समीक्षा गर्ने र सार्वजनिक निकायलाई आफ्नो बच्चाको रेकर्डलाई सही गराउन अनुरोध गर्ने अधीकार हुन्छ। व्यक्तिगत सहमति व्यक्तिगत रूपमा पहिचान योग्य जानकारीको खुलासा हुनुभन्दा अगाडि प्राप्त गर्नुपर्छ, तथापि तपाईंको सहमति तल व्याख्या गरिए अनुसार केही परिस्थितिहरूमा आवश्यक हुँदैन। अभिभावकहरूसँग सार्वजनिक निकायबाट आफ्नो बच्चाको प्रारम्भिक हस्तक्षेप वा शैक्षिक रेकर्डहरूलाई गोपनीय राखिने अपेक्षा गर्ने र प्रारम्भिक हस्तक्षेप वा शैक्षिक सेवाहरू उपलब्ध गराउन अब उपरान्त आवश्यक नहुँदा आफ्नो बच्चाको शैक्षिक जानकारी नष्ट गर्न सार्वजनिक निकायलाई अनुरोध गर्ने अधिकार छ।**

## परिभाषाहरू:

नष्ट भन्नाले जानकारीबाट व्यक्तिगत परिचायकहरूको शारीरिक पहिचानहरूलाई नष्ट गर्ने वा हटाउने भनी बुझिन्छ जसकारण जानकारी अब उपरान्त व्यक्तिगत रूपमा पहिचान योग्य हुँदैन।

शैक्षिक रेकर्डहरू भनेको 34 C.F.R. भाग 99 (1974 को पारिवारिक शैक्षिक अधिकारीहरू र गोपनीयता ऐन [FERPA]) मा "शिक्षा रेकर्डहरू" को परिभाषा अन्तर्गत समेटिएका रेकर्डहरूको प्रकारलाई जनाउँछ।

प्रारम्भिक हस्तक्षेप रेकर्डहरू भनेका IDEA को भाग C र यो भागमा रहेका नियमनहरू अन्तर्गत सङ्कलन, कायम राख्न र प्रयोग गर्न आवश्यक हुन्छ।

सहभागी निकाय भनेको व्यक्तिगत रूपमा पहिचान योग्य जानकारी सङ्कलन गर्ने, कायम राख्नेवा प्रयोग गर्ने वा IDEA को भाग B अन्तर्गत जानकारी प्राप्त गरिने कुनै पनि निकाय वा संस्था हो। भाग C अन्तर्गत, सहभागी निकायमा कुनै पनि प्रारम्भिक हस्तक्षे सेवाहरू उपलब्ध गराउने नेतृत्व निकाय र प्रारम्भिक हस्तक्षेप सेवा प्रदायक र कुनै पनि व्यक्ति वा संस्था समावेश हुन्छ। यसमा भाग C सेवाहरूको लागि एकल रूपमा फण्डिङ स्रोतहरूको रूपमा कार्य गर्ने प्राथमिक सन्दर्भ स्रोत वा सार्वजनिक निकायहरू (जस्तै राज्य Medicaid वा CHIP कार्यक्रम) वा नीजि संस्थाहरू (जस्तै नीजि बीमा कम्पनीहरू) समावेश हुँदैन।

व्यक्तिगत रूपमा पहिचान योग्य जानकारीमा निम्न कुराहरू समावेश हुन्छ:

- बच्चा, बच्चाका अभिभावकहरू वा अन्य परिवार सदस्यको नाम;
- बच्चाको ठेगाना;
- बच्चाको सामजिक सुरक्षा नम्बर जस्ता व्यक्तिगत परिचायक; वा
- उचित निश्चितता भएको बालबालिकालाई पहिचान गर्न सम्भव बनाउने व्यक्तिगत विशेषताहरू वा अन्य जानकारीको सूची।

IFSP द्वारा सेवा प्रदान गरिएको बालबालिकाको लागि, व्यक्तिगत रूपमा पहिचान जानकारीमा निम्न पनि समावेश हुन्छन्:

- बच्चाको जन्म मिति, जन्म स्थान र आमाको विवाहपूर्वको नाम जस्ता अप्रत्यक्ष

  परिचायकहरू;

- एकल वा संयोजनमा भएका अन्य जानकारी विशिष्ट बच्चालाई लिङ्क गरिएको छ वा लिङ्क गर्न सकिने छ जसले उचित व्यक्तिलाई प्रारम्भिक हस्तक्षेप सेवाहरूको समुदायमा अनुमति दिनेछ जसको उचित निश्चितता भएको बालबालिकालाई पहिचान गर्न सान्दर्भिक परिस्थितिहरूको व्यक्तिगत ज्ञान हुँदैन; वा
- शैक्षिक निकाय वा संस्थाले शैक्षिक रेकर्ड को सँग सम्बन्धित छ बनी विद्यार्थीको पहिचान थाहा छ भनी उचित रूपमा विश्वास गर्न व्यक्तिद्वारा अनुरोध गरिएको जानकारी।

## सुरक्षाहरू:

प्रत्येक सहभागी हुने निकायले सङ्कलन, भण्डारण, खुलासा र विनाश चरणहरूमा व्यक्तिगत रूपमा पहिचान योग्य जानकारीको गोपनीयतालाई सङ्कलन गर्नेछ। सार्वजनिक निकायको एउटा अधिकारी व्यक्तिगत रूपमा पहिचान योग्य जानकारीको गोपनीयतालाई सुरक्षित गर्नको लागि जिम्मेवार छ। यी प्रक्रियात्मक सुरक्षाहरूका आवश्यकताहरूको अतिरिक्तमा, संघीय र राज्य कानून र नियमनहरूले पनि शैक्षिक रेकर्डहरूको सुरक्षालाई नियन्त्रण गर्छ। व्यक्तिगत रूपमा पहिचान योग्य जानकारी सङ्कलन वा प्रयोग गर्ने सबै सार्वजनिक निकाय कर्मचारीले व्यक्तिगत रूइमा पहिचानयोग्य जानकारीको गोपनीयतामा राज्यका नीति र कार्यविधिहरूसँग सम्बन्धित प्रशिक्षण प्राप्त गर्नुपर्छ। प्रत्येक सहभागी हुने निकायले सार्वजनिक निरीक्षणको लागि व्यक्तिगत रूपमा पहिचान योग्य जानकारीमा पहुँच हुनसक्ने निकाय भित्रका ती कर्मचारीहरूका नाम र पदहरूको हालको सूचीकरणलाई कायम राख्नुपर्छ।

## सहमति:

जानकारी शैक्षिक रेकर्डहरूमा समावेश गरिँदा बाहेक भाग B को आवश्यकतालाई पूरा र्ने उद्देश्यहरूको लागि सहभागी हुने निकायहरूका अधिकारीहरू बाहेक, व्यक्तिगत रूपमा पहिचान योग्य जानकारी खुलासा गर्नुअघि अभिभावकीय सहमति प्राप्त गर्नुपर्छ र खुलासा 34 C.F.R. भाग 99 अन्तर्गत अभिभावकीय सहमति बिना अधिकृत गरिएको छ। सार्वजनिक निकायले IDEA (IEP) को भाग B अन्तर्गत पारगमन सेवाहरू उपलब्ध वा भुक्तानी गर्नुअघि सहभागी हुने निकायहरूका अधिकारीहरूलाई व्यक्तिगत रूपमा पहिचान योग्य जानकारी खुलासा गर्नुअघि अभिभावकीय सहमति वा राज्य कानून अन्तर्गत वयस्कताको उमेर पुगेका योग्य बच्चाको सहमति प्राप्त गर्नुपर्छ; र बच्चा अभिबावकको निवासको स्कूल डिस्ट्रिक्टमा अवस्थित नभएको नीजि विद्यालयमा नामांकित हुनुहुन्छ वा हुन गइरहनुभएको छ भने, बच्चाको बारेमा कुनै पनि व्यक्तिगत रूपमा पहिचान योग्य जानकारी नीजि विद्यालय अवस्थित भएको स्थानीय शैक्षिक निकाय (LEA) का अधिकारी र अभिभावकको निवासको LEA मा रहेका अधिकारीहरू बीच खुलासा गर्नुअघि अभिभावकीय सहमति प्राप्त गर्नुपर्छ।(5)

MSDE ले अनुमोदनहरूसहितका सार्वजनिक निकायहरूका लागि नीति तथा कार्यविधिहरू विकास गरेको छ जहाँ राज्यले आफ्ना नीति र कार्यविधिहरूको पालना गरेको छ र IDEA र FERPA को अनुसार गोपनीयताका आवश्यकताहरू पूरा गरिएको छ भनी सुनिश्चित गर्न प्रयोग गर्छ। IDEA अन्तर्गत सार्वजनिक निकायले गोपनीयताका आवश्यकताहरू उल्लङ्घन गरेको छ भनी संस्था वा व्यक्तिले विश्वास गर्छ भने, समस्यालाई समाधान गर्नको लागि राज्य उजुरी दायर गर्न सकिन्छ।

प्रत्येक सार्वजनिक निकायसँग निम्न कुराहरू समावेश गर्ने व्यक्तिगत रुपमा पहिचान योग्य सूचनाको गोपनियताको आवश्यकताहरूको बारेमा अभिभावकलाई पूर्ण रूपले सूचित गर्ने पर्याप्त सूचना कसरी प्रदान गरिन्छ भन्ने पद्धति हुन आवश्यक हुन्छ:

- राज्यमा रहेका विभिन्न जनसंख्या समूहहरूको मातृ भाषामा दिइने सूचनाको हदको विवरण;
- जुन बच्चाको व्यक्तिगत रूपले पहिचानयोग्य सूचना कायम गरिएको हो सो बच्चाको विवरण तथा खोजिएको सूचनाको प्रकार;
- सहभागी संस्थाहरूले व्यक्तिगत रूपमा पहिचान योग्य जानकारीको भण्डारण, तेस्रो-पक्षहरूलाई खुलासा, धारण र विनाशको सम्बन्धमा पालना गर्नुपर्ने नीति र कार्यविधिहरूको सारांश;
- अभिभावकले सहमति प्रदान गर्न अस्वीकार गरेको अवस्थामा प्रयोग गरिने नीति तथा कार्यविधिहरूको

(5)34 CFR § 300.622.

विवरण; र

- FERPA र 34 C.F.R. भाग 99 का कार्यान्वयन नियमनहरू अन्तर्गतका अधिकारहरूसहित यो जानकारीसँग सम्बन्धित अभिभावकहरू र बालबालिकाका सबै अधिकारहरूको विवरण।

कुनै प्रमुख पहिचान, स्थान वा मूल्याङ्कन क्रियाकलापपूर्व, सूचना उक्त क्रियाकलापको क्षेत्र भरि अभिभावकलाई सूचित गर्न पर्याप्त हुने तरीकाले सञ्चार हुने पत्रपत्रिका वा अन्य मिडिया वा दुबैमा अनिवार्य रूपले प्रकाशित वा घोषणा गर्नुपर्छ।

साथै, व्यक्तिगत रूपमा पहिचान योग्य जानकारी IDEA अन्तर्गत वा असक्षमता भएको बच्चालाई IDEA अन्तर्गत FAPE वा प्रारम्भिक हस्तक्षेप सेवाहरू उपलब्ध गराउने आवश्यकताहरू पूरा गर्ने कुनै पनि उद्देश्यको लागि बाहेक जानकारी सङ्कलन वा प्रयोग गर्ने सहभागी निकायहरूका अधिकारीहरू बाहेक कसैलाई पनि खुलासा गर्न सकिँदैन। प्रारम्भिक हस्तक्षेपदेखि प्रिस्कूल सेवाहरूसम्मको पारगमनको अवधिमा, नेतृत्व निकायले बच्चा 34 C.F.R. § 303.209(b)(1)(i) को आवश्यकता अनुसार विशेष शैक्षिक सेवाहरूको लागि योग्य हुन सक्नुहुन्छ भनी MSDE र स्थानीय शैक्षिक प्रणालीलाई सूचना उपलब्ध गराउनुहुनेछ। यो सूचनामा 34 C.F.R. § 303.209(b)(1) र § 303.401 द्वारा आवश्यक भए अनुसार बच्चाको नाम, जन्ममिति र अभिभावक सम्पर्क जानकारी समावेश हुनेछ। असक्षमता भएको बच्चाद्वारा गरिएको अपराधको रिपोर्टसँग सम्बन्धित कानून प्रवर्तन तथा न्यायिक अधिकारहरूद्वारा गरिने सन्दर्भ र कार्यमा सम्बोधित खुलासाहरूलाई FERPA द्वारा प्रसारणको अनुमति दिएको हदसम्म अभिभावकीय सहमति आवश्यक हुँदैन।

## पहुँच अधिकारहरू:

प्रारम्भिक हस्तक्षेप सेवाहरू प्राप्त गर्ने बालबालिका र परिवारहरूको लागि, स्थानीय नेतृत्व निकायले अभिभावकहरूलाई नि:शुल्कमा आफ्नो बच्चाको प्रारम्भिक हस्तक्षेप रेकर्डको प्रारम्भिक प्रतिलिपि उपलब्ध गराउनेछन्। स्थानीय नेतृत्व निकायले प्रत्येक IFSP बैठकपछि जति सक्दो छिटो अभिभावकहरूलाई नि:शुल्कमा प्रत्येक मूल्याङ्कनको प्रतिलिपि, बच्चाको मूल्याङ्कन, पारिवारिक मूल्याङ्कन र IFSP पनि उपलब्ध गराउनुपर्छ। प्रत्येक सार्वजनिक निकायले अभिभावकहरूलाई आफ्नो बच्चाको पहिचान, मूल्याङ्कन र शैक्षिक स्थान नियोजन, विकास र IFSP को कार्यान्वयन र FAPE को प्रावधानको सम्बन्धमा सार्वजनिक निकायद्वारा सङ्कलन गरिएको, कायम राखिएको वा प्रयोग गरिएको बच्चासँग सम्बन्धित कुनै पनि शैक्षिक रेकर्डहरू अनुसन्धान गर्ने र समीक्षा गर्ने अनुमति दिनुपर्नेछ। IFSP बाट सेवाहरू प्राप्त गरिरहेका बालबालिका र परिवारहरूको लागि, स्थानीय नेतृत्व निकायले अनावश्यक ढिलाई नगरिकन र IFSP वा कुनै पनि उचित प्रक्रियाको सुनुवाईसँग सम्बन्धित कुनै पनि बैठक अगाडि र अनुरोध गरिएको 10 दिन भन्दा ढिला नगरि अनुरोध स्वीकार्नुपर्ने।

IEP बाट सेवाहरू प्राप्त गर्ने बालबालिका लागि, सार्वजनिक निकायले कुनै अनावश्यक ढिलासुस्ती बिना र IEP वा कुनै उचित प्रक्रियाको सुनुवाई वा समाधान सत्रसँग सम्बन्धित कुनै पनि बैठकभन्दा अगाडि र अनुरोध गरेपछि 45 दिनभन्दा ढिला नगरी अनुरोध स्वीकार्नुपर्नेछ। यो खण्ड अन्तर्गत शैक्षिक रेकर्डहरू अनुसन्धान र समीक्षा गर्ने अभिभावको अधिकारमा निम्न कुराहरू समावेश छन्:

- रेकर्डहरूका व्याख्या र अनुवादनहरूको लागि उचित अनुरोधहरूमा सार्वजनिक निकायबाट प्रतिक्रिया;
- रेकर्डका प्रतिलिपिहरू उपलब्ध नगराउनाले अभिभावकलाई रेकर्डहरू अनुसन्धान र समीक्षा गर्ने अधिकारबाट प्रभावकारी रूपमा रोक्ने भएकोले सार्वजनिक निकायलाई प्रतिलिपिहरू उपलब्ध गराउन अनुरोध गर्ने; र
- अभिभावकको प्रतिनीधिलाई रेकर्डहरूको अवलोकन तथा पुनरावलोकन गराउने अधिकार।

सार्वजनिक निकायलाई अभिभावकत्व, विभाजन र सम्बन्ध विच्छेद जस्ता मामिलाहरू नियन्त्रण गर्ने उपयुक्त कानून अन्तर्गत अभिभावकसँग अधिकार छैन भनी सझाव निदँदासम्म सार्वजनिक निकायले अभिभावकसँग आफ्नो बच्चासँग सम्बन्धित रेकर्डहरूको अनुसन्धान तथा अनुरोध गर्ने अधिकार छ भन्ने कुरा मान्न सक्छ।

## पहुँचको रेकर्ड:

प्रत्येक सार्वजनिक निकायले अभिभावक तथा सार्वजनिक निकायका अधिकृत कर्मचारीहरू बाहेकका IDEA को भाग C वा भाग B अन्तर्गत सङ्कलन गरिएको, कायम राखिएको वा प्रयोग गरिएका शैक्षिक रेकर्डहरूमा पहुँच प्राप्त गर्ने व्यक्तिको नाम, पहुँच दिइएको मिति र व्यक्तिलाई रेकर्डहरू पहुँच गर्नु दिनुको उद्देश्यसहित व्यक्तिहरूको रेकर्ड राख्नेछ। कुनै पनि शैक्षिक रेकर्डमा एउटा बच्चा भन्दा धेरैको जानकारी समावेश छ भने, ती बालबालिकाका अभिभावकहरूसँग आफ्नो बच्चासँग सम्बन्धित जानकारीको अनुसन्धान गर्ने र समीक्षा गर्ने वा उक्त विशिष्ट जानकारी बारे सूचित रहने अधिकार हुन्छ। प्रत्येक सार्वजनिक निकायले अभिभावकले अनुरोध गरेको खण्डमा सार्वजनिक निकायद्वारा सङ्कलन गरिएको, कायम राखिएको वा प्रयोग गरिएका शैक्षिक रेकर्डहरूका प्रकार र स्थानहरूको सूची उपलब्ध गराउनुपर्नेछ। सार्वजनिक निकायले लिने शुल्कले ती रेकर्डहरूको अनुसन्धान र समीक्षा गर्ने अभिभावकको अधिकारको प्रयोग गर्नबाट निजलाई प्रभावकारी रूपले रोक्दैन भने सार्वजनिक निकायले अभिभावकका लागि तयार गरिने शिक्षा रेकर्डहरूका प्रतिलीपिहरूको लागि शुल्क लिन सक्छ । सार्वजनिक निकायले शिक्षा रेकर्डहरूबाट जानकारी खोज्न वा पुन: प्राप्त गर्नको लागि शुल्क नलिन सक्छ।

## अभिभावकको अनुरोधमा रेकर्डहरूको संशोधन:

अभिभावकले IDEA अन्तर्गत सङ्कलन गरिएका, कायम राखिएका वा प्रयोग गरिएका शैक्षिक रेकर्डहरूमा जानकारी गलक वा भ्रामक छ वा आफ्नो बच्चाका गोपनीयता र अन्य अधिकारहरूलाई उल्लङ्घन गर्छ भनी विश्वास गर्नुहुन्छ भने, अभिभावकले जानकारीलाइ संशोधन गर्नको लागि जानकारीलाई कायम राख्ने सार्वजनिक निकायलाई अनुरोध गर्न सक्नुहुन्छ। सार्वजनिक निकायले अनुरोध प्राप्त गरेको उचित समयावधि भित्र अभिभावकको निर्णय अनुसार जानकारी संशोधन गर्ने वा नगर्ने भन्ने कुराको निर्णय गर्नेछन्। सार्वजनिक निकायले अनुरोध अनुसार जानकारी संशोधन गर्न अस्वीकार गरेमा, यसले आफ्नो अस्वीकृति बारेमा अभिभावकलाई सूचित गर्नेछ र शैक्षिक रेकर्डहरूमा जानकारीलाई चुनौति दिने सुनुवाईमा अभिभावकलाई आफ्नो अधिकार बारे सुझाव दिनेछ।  शैक्षिक रेकर्डहरूमा रहेका जानकारीलाई चुनौति दिन सञ्चालन गरिएको सुनुवाई 34 C.F.R. §99.22 मा फेला पारिए अनुसार FERPA कार्यविधिहरू अनुसार सञ्चालन गरिनुपर्छ।

अनुरोध गरिएको खण्डमा सार्वजनिक निकायले शैक्षिक रेकर्डहरूमा रहेको सूचना गलत वा भ्रामक वा बच्चाको गोपनियता वा अन्य अधिकारको हनन गर्ने खालको छैन भन्ने कुरा सुनिश्चित गर्न अभिभावकलाई शैक्षिक रेकर्डहरूमा रहेको सूचनालाई चुनौति दिने प्रयोजनका लागि सुनवाईको अवसर प्रदान गर्नेछ । सुनुवाईको परिणाम स्वरूप, सार्वजनिक निकायले जानकारीको गलत वा भ्रामक छ वा अन्यथा बच्चाका गोपनीयता र अन्य अधिकारहरूको उल्लङ्घनमा छ भनी निर्णय गर्छ भने, सार्वजनिक निकायले सोही अनुसार जानकारी संशोधन गर्नेछ र संशोधनको बारेमा अभिभावकलाई लिखितमा सूचित गर्नेछ। सुनुवाईको परिणाम स्वरूप, सार्वजनिक निकायले जानकारी गलत वा भ्रामक छ वा अन्यथा बच्चाका गोपनीयता वा अन्य अधिकारहरूको उल्लङ्घनमा छ भनी निर्णय गर्छ भने, यसले अभिभावकलाई आफ्नो बच्चाको बारेमा आफूले कायम गरेका रेकर्डहरूमा उहाँहरूको स्थानको अधिकार, सार्वजनिक निकायको निर्णयसँग असहमत हुने सूचनामा प्रतिक्रिया दिंदै वा असहमतिका कारणहरू बताउदै एउटा विवरण सहित सूचित गर्नेछ।

तपाईंको बच्चाका रेकर्डहरूमा राखिएको कुनै पनि व्याख्यामा निम्न कुराहरू हुनुपर्छ:

- जबसम्म रेकर्ड वा विवादित भाग सार्वजनिक निकायद्वारा कायम गरिन्छ तबसम्म सार्वजनिक निकायद्वारा बच्चाको रेकर्ड खण्डको रूपमा कायम भएको हुनुपर्छ; र
- बच्चाको रेकर्ड वा विवादित भागको प्रतिलिपिको अनुरोध गरेर कुनै पनि पक्षलाई व्याख्या खुलासा गर्नुपर्छ।

## जानकारीको विनाशका कार्यविधिहरू:

सार्वजनिक निकायलाई IDEA अन्तर्गत सङ्कलन गरिएको, कायम राखिएको वा प्रयोग व्यक्तिगत रूपमा पहिचान योग्य जानकारी अब उपरान्त आफ्नो बच्चालाई प्रारम्भिक हस्तक्षेप वा शैक्षिक सेवाहरू उपलब्ध गराउन आवश्यक नहुँदा अभिभावकहरूलाई सूचित गर्न आवश्यक हुन्छ। जानकारी अभिभावकहरूको अनुरोधमा विनाश गरिएको हुनुपर्छ। यद्यपि, भाग B अन्तर्गत विशेष शिक्षा सेवाहरू प्राप्त गर्ने विद्यार्थीहरूको लागि, बच्चाको नाम, ठेगाना र फोन नम्बरको स्थायी रेकर्ड, बच्चाका ग्रेडहरू, उपस्थिति रेकर्ड, उपस्थित भएका

कक्षाहरू, पूरा गरिएको ग्रेड स्तर र पूरा गरिएको वर्ष समय सीमा बिना कायम राखिनुपर्छ। यसका साथै, भाग C अन्तर्गत प्रारम्भिक हस्तक्षेप सेवाहरू प्राप्त गर्ने बालबालिकाको लागि, बच्चाको नाम, जन्म मिति, अभिभावक सहमति जानकारी (ठेगाना र फोन नम्बर) को स्थायी रेकर्ड, सेवा संयोजक(हरू) का नामहरू र EIS प्रदायक(हरू) र बाहिर निस्कने डाटा (बाहिर निस्कँदा वर्ष र उमेर र बाहिर निस्कँदा प्रवेश गरिएको कुनै कार्यकसहित) समय सीमा बिना कायम राख्न सकिन्छ।

## बालबालिकाका अधिकारहरू:

FERPA का नियमनहरू अन्तर्गत, बच्चाका शैक्षिक रेकर्डहरूसँग सम्बन्धित अभिभावकीय अधिकारहरू बच्चाको असक्षमताले उहाँलाई संघीय कानून अन्तर्गत अक्षम गराउँदा बाहेक बच्चाको उमेर 18 वर्ष पुगेपछि स्थानान्तर हुन्छ। IDEA को भाग B अन्तर्गत अभिभावकका अधिकारहरू वयस्कताको उमेर पुग्ने बालबालिलाई स्थानान्तर गरिन्छ भने, IDEA गोपनीयताका आवश्यकताहरु पनि बच्चालाई स्थानान्तर गर्नुपर्छ। यद्यपि, सार्वजनिक निकायले अभिभावक र बच्चालाई IDEA अन्तर्गत आवश्यक पर्ने कुनै पनि सूचना उपलब्ध गराउनु पर्छ। कृपया थप विशिष्ट जानकारीको लागि "वयस्कताको उमेरमा अभिभावकीय अधिकारहरू स्थानान्तर गर्नुहोस्"।

## अनुशासनात्मक जानकारी:

सार्वजनिक निकायले बच्चाका रेकर्डहरूमा बच्चाको विरूद्धमा लिइएको कुनै पनि हालको वा अघिल्लो अनुशासनात्मक कार्यवाहीको कथन समावेश गर्न तथा अनुशासनात्मक जानकारीलाई स्थानान्तर गर्न सक्छ; उक्त अनुशासनात्मक जानकारीलाई गैर-असक्षम भएको बालबालिका रेकर्डहरूमा समावेश गरिएको र प्रसारण गरिएको सोही हदसम्म। कथनमा अनुशासनात्मक कार्यवाही आवश्यक पर्ने बच्चाद्वारा संलग्न भएको कुनै पनि व्यवहारको विवरण, लिइएको अनुशासनात्मक कार्यवाहीको विवरण र बच्चासँग संलग्न भएका बच्चा र अन्य व्यक्तिहरूको सुरक्षामा सान्दर्भिक हुने कुनै अन्य जानकारी समावेश हुन सक्छ। उक्त बच्चालाई एउटा विद्यालयदेखि अर्कोमा स्थानान्तर गरिन्छ भने, कुनै पनि बच्चाको रेकर्डको प्रसारणमा बच्चाको दुवै हालको IEP र बच्चाको विरूद्धमा लिइएको कुनै पनि हालको वा अघिल्लो कथन समावेश हुनुपर्छ।

# असक्षमताहरू भएका बालबालिकाको अनुशासन
## IEP
## 34 C.F.R. §§ 300.530 -300.536

तलको जानकारी विस्तारित IFSP वा IEP बाट सेवाहरू प्राप्त गरिरहेका 3 देखि 21 वर्ष उमेरका असक्षमताहरू भएको बालबालिकामा लागू हुन्छ।

**सार्वजनिक निकायले आफ्नो बच्चाको विरूद्ध निश्चित अनुशासनात्मक कार्यवाही लिन्छ भने अभिभावकहरूसँग विशिष्ट कार्यविधि र सुरक्षाहरूमा अधिकार छ। 34 C.F.R. § 300.530(d) सँग अनुकूल, सार्वजनिक निकायले विद्यार्थीको आचार संहिताको उल्लङ्घन(हरू) को लागि विद्यालय वर्षमा 10 विद्यालय दिनभन्दा धेरै बच्चाको निष्कासनपछि बच्चालाई शैक्षिक सेवाहरू उपलब्ध गराउनुपर्छ।**

## परिभाषाहरू:

यो भागका खण्डहरूको लागि, निम्न परिभाषाहरू लागू हुन्छ:

- नियन्त्रित पदार्थ भन्नाले नियन्त्रित पदार्थ ऐन (21 U.S.C. 812(c)) को 202(c) को अनुसूचि I, II, III, IV, वा V अन्तर्गत पहिचान गरिएका औषधी वा अन्य पदार्थलाई बुझिन्छ ।
- गैर-कानूनी औषधी भन्नाले नियन्त्रित पदार्थलाई बुझिन्छ तर यसले अनुमति प्राप्त स्वास्थ्य-स्याहार पेशेवरको निरीक्षणमा कानूनी रूपमा राखिने वा प्रयोग हुने वा IDEA अन्तर्गतको अन्य कुनै अधिकार वा संघीय कानूनको कुनै व्यवस्था अन्तर्गत कानूनी रूपमा राखिने वा प्रयोग हुने पदार्थहरूलाई समावेश गर्दैन।
- हतियार शब्दले संयुक्त राज्य आचार,शीर्षक 18 को धारा 930 को पहिलो उपधारा (g) को अनुच्छेद (2)

अन्तर्गत "खतरनाक हतियार" शब्दको अर्थ दिन्छ।

- गम्भीर शारीरिक चोटपटक शब्दले संयुक्त राज्यको आचार, शीर्षक 18 को धारा 1365 को उपधारा (h) को अनुच्छेद (3) अन्तर्गत "गम्भीर शारीरिक चोटपटक" शब्दको अर्थ दिन्छ।

## विद्यालय कर्मचारीको अधिकारी:

अनुशासनसँग सम्बन्धित निम्न आवश्यकताहरू अनुसार स्थान नियोजनमा गरिएको परिवर्तन विद्यालयको आचार संहिता उल्लङ्घन गर्ने असक्षमता भएको बच्चाको लागि उपयुक्त छ वा छैन भनी निर्धारण गर्दा, विद्यालय कर्मचारीले मामिलाको आधारमा कुनै अद्वितीय परिस्थितिहरूको विचार गर्न सक्छन्।(6)

विद्यालय कर्मचारीले असक्षमता भएको बच्चालाई विद्यालयको आचार संहिताको उल्लङ्घन गरेको समयमा आफ्नो हालको स्थान नियोजनदेखि उपयुक्त अन्तरिम वैकल्पिक शैक्षिक सेटिङ, अर्को सेटिङमा हटाउन वा असक्षमताहरू नभएको बालबालिकाको उक्त कार्यवाही गरिने विस्तारसम्म 10 विद्यालय दिनभन्दा धेरै नभएर निलम्बन गर्न सक्नुहुन्छ र दुर्व्यवहारको छुट्टै घटनाहरूको लागि उक्त सोही विद्यालय वर्षमा 10 लगातार विद्यालय दिनभन्दा धेरै नभएर अतिरिक्त निष्कासनहरू हुन सक्छ (ती निष्कासनहरूले §300.536 अन्तर्गत स्थान नियोजनमा परिवर्तन स्थापना नगर्दासम्म)(7)

विद्यार्थीको आचार संहिता उल्लङ्घन गर्ने व्यवहार बच्चाको असक्षमताको प्रत्यक्षीकरण (तलको प्रत्यक्षीकरण निर्धारण हेर्नुहोस्) थिएन र स्थान नियोजनमा अनुशासनात्मक परिवर्तनले लगातार 10 विद्यालय दिनलाई नाघ्छ भने, विद्यालय कर्मचारीले असक्षमताहरू नभएका बालबालिकालाई गरिने सोही तरिका र एउटै अवधिको लागि असक्षमता भएको उक्त बच्चामा अनुशासनात्मक कार्यविधिहरू लागू गर्न सक्नुहुन्छ, सोभन्दा बाहेक विद्यालयले सेवाहरूको प्रावधानमा तल व्याख्या गरिए अनुसार बच्चालाई सेवाहरू उपलब्ध गराउनुपर्छ।(8) बच्चाको IEP टोलीले उक्त सेवाहरूको लागि अन्तरिम शैक्षिक सेटिङ निर्धारण गर्छन्।(9)

असक्षमता भएको बच्चालाई सोही विद्यालय वर्षमा 10 विद्यालय दिनको लागि उहाँको हालको स्थान नियोजनबाट हटाएपछि, निष्कासनको कुनै लगातार दिनको अवधिमा सार्वजनिक निकायले तल व्याख्या गरिएका सेवाहरूको प्रावधान अन्तर्गत आवश्यक हुने विस्तारसम्म सेवाहरू उपलब्ध गराउनुपर्छ।(10)

सबै बालबालिकाको लागि आवश्यक हुने अनुशासन नीतिको अनुसार, पब्लिक प्रि-किन्डरगार्टेन कार्यक्रम, किन्डरगार्टेन, पहिलो ग्रेड वा दोस्रो ग्रेडका ती विद्यार्थीहरूलाई विद्यालयको मनोवैज्ञानिक वा अन्य मानसिक स्वास्थ्य पेशेवरको परामर्शमा विद्यालय प्रशासनले हस्तक्षेप र सहायताहरूबाट हटाउन वा निकाल्न नसकिने अन्य विद्यार्थीहरू वा कर्मचारीलाई गम्भीर हानीको निकटस्थ खतरा छ भनी निर्धारण गर्नुहुन्छ भने मात्र अनुशासन नीतिको अनुसार हटाउन सकिन्छ। उक्त मामिलामा, प्रधानाध्यापक वा विद्यालय प्रशासकले विद्यार्थीको आमाबुवा वा अभिभावकलाई शीघ्र सम्पर्क गर्नुपर्छ। यसको साथै, विद्यार्थीलाई प्रति घटना पाँच विद्यालय दिनभन्दा बढि हटाउन सकिँदैन। पब्लिक प्रि-किन्डरगार्टेन कार्यक्रमहरू, किन्डरगार्टेन, पहिलो ग्रेड वा दोस्रो ग्रेडका बालबालिकालाई संघीय कानून (COMAR 13A.08.01.11) सँग अनुकूल हुँदा मात्र पैतालिस विद्यालय वा सोभन्दा बढि समयसम्म अनुशासनात्मक नीति अनुसार हटाउन सकिन्छ।

## सेवाहरू:

सार्वजनिक निकायले सोही तरिकाले हटाइएका असक्षमताहरू भएको बच्चालाफई सेवाहरू उपलब्ध गराउँछ भने मात्र बच्चाको हालको स्थान नियोजनबाट विद्यालय वर्षमा 10 विद्यालय दिन वा सोभन्दा कम हटाइएको असक्षमता भएको

(6)34 CFR § 300.530(a).
(7)34 CFR § 300.536 (b)(1).
(8)34 CFR § 300.530(c).
(9)Id.
(10)34 CFR § 300.530(b)(2).

बच्चा सेवाहरूको लागि हकदार हुनुहुन्छ।

बच्चाको हालको स्थान नियोजनबाट 10 विद्यालय दिन भन्दा धेरै हटाइएको र व्यवहार बच्चाको असक्षमताको प्रत्यक्षीकरणमा नभएको (*प्रत्यक्षीकरण निर्धारण हेर्नुहोस्*) वा विशेष परिस्थितिहरू (*विशेष परिस्थितिहरू हेर्नुहोस्*) अन्तर्गत हटाइएको असक्षमता भएको बच्चाले निम्न कार्यहरू गर्नुपर्छ:(11)

1. अर्को सेटिङ (त्यो अन्तरिम वैकल्पिक शैक्षिक सेटिङ हुन सक्छ) मा भएतापनि सामान्य शिक्षा पाठ्यक्रममा निरन्तर सहभागी हुन बच्चालाई सक्षम गर्न र बच्चाको IEP मा सेट गरिएका लक्ष्यहरूलाई पूरा गर्नेतर्फ प्रगति गर्न शैक्षिक सेवाहरू (उपलब्ध FAPE लिनुहोस्) प्राप्त गर्न जारी राख्नुपर्छ; र
2. व्यवहार उल्लङ्घनलाई सम्बोधन गर्न डिजाइन गरिएको प्रकार्यात्मक व्यवहारात्मक मूल्याङ्कन र व्यावहारिक हस्तक्षेप सेवा र परिमार्जनहरू उपयुक्त भए अनुसार प्राप्त गर्नुपर्छ जसकारण यो फेरि हुँदैन।

असक्षमता भएको बच्चालाई उहाँको हालको स्थान नियोजनबाट सोही विद्यालय वर्षमा 10 विद्यालय दिनको लागि हटाएपछि र हालको निष्कासन लगातार 10 विद्यालय दिन वा सोभन्दा कमको लागि हो र निष्कासन स्थान नियोजनमा परिवर्तन (तलको व्याख्या हेर्नुहोस् होइन भने, त्यसपछि विद्यालय कर्मचारीले कम्तीमा पनि बच्चाको एउटा शिक्षकसँगको परामर्शमा अर्को सेटिङमा भएतापनि, सामान्य शिक्षाको पाठ्यक्रममा सहभागी हुन जारी राख्न र बच्चाको IEP मा सेट गरिए अनुसारका लक्ष्यहरूलाई पूरा गर्नको लागि प्रगति गर्न बच्चालाई सक्षम गराउन आवश्यक हुने सेवाहरूको हदसम्म निर्धारण गर्नुपर्छ। निष्कासन स्थान नियोजनको परिवर्तन (*अनुशासनात्मक निष्कासनको कारण स्थान नियोजनको परिवर्तन हेर्नुहोस्*) हो भने, बच्चाको IEP टोलीले बच्चालाई अर्को सेटिङ (जुन अन्तरिम वैकल्पिक शैक्षिक सेटिङ पनि हुन सक्छ) मा भएतापनि सामान्य शैक्षिक पाठ्यक्रममा निरन्तर सहभागी हुन र बच्चाको IEP मा सेट गरिएका लक्ष्यहरूलाई पूरा गर्नमा प्रगति गर्नको लागि सक्षम गराउन उपयुक्त सेवाहरू निर्धारण गर्छ।

## प्रत्यक्षीकरण निर्धारण

आचार संहिताको उल्लङ्घनको कारणले स्थान नियोजन परिवर्तन गर्ने कुनै पनि निर्णयको 10 विद्यालय दिन भित्र, अभिभावक र बच्चाको IFSP टोली वा IEP टोलीले प्रश्नहरूमा भएको सञ्चालन निम्न कारणले थियो वा थिएन भनी निर्धारण गर्न बच्चाको IFSP वा IEP, कुनै शिक्षक अवलोकनहरू र अभिभावकद्वारा उपलब्ध गराइएको कुनै पनि सान्दर्भिक जानकारीसहित बच्चाको फाइलमा भएको सबै सान्दर्भिक जानकारीको समीक्षा गर्नुपर्छ:

- उक्त व्यवहार बच्चाको अपाङ्गताको कारणले भएको हो र बच्चाको अपाङ्गतासँग महत्वपूर्ण रूपमा सम्बन्धित थियो; वा
- बच्चाको IFSP वा IEP कार्यान्वयन गर्ने सार्वजनिक निकायको असफलताको प्रत्यक्ष नतिजा।(12)

IEP टोलीले माथिका कथनहरू उपयुक्त छ वा छैन भनी निर्धारण गर्छ भने, सञ्चालन बच्चाको असक्षमतको प्रत्यक्षीकरण हुन निर्धारण गरिनेछ।.(13) साथै, IEP टोलीले प्रश्नमा बच्चाको सञ्चालन बच्चाको IEP कार्यान्वयन गर्न LEA असफलताको प्रत्यक्ष नतिजा थियो भनी निर्धारण गर्छ भने,

LEA ले ती कमीहरूलाई समाधान गर्न तत्कालीन चरणहरू अपनाउनुपर्छ।(14)

सञ्चालन बच्चाको असक्षमताको प्रत्यक्षीकरण थियो भने, IFSP टोली वा IEP ले निम्न मध्ये एक गर्नुपर्छ:(15)

- सार्वजनिक निकायले पहिले नै उक्त कार्य गरेको छैन भने प्रकार्यात्मक व्यवहारात्मक मूल्याङ्कन सञ्चालन गर्नुपर्छ र बच्चाको लागि व्यवहारात्मक हस्तक्षेप योजना कार्यान्वयन गर्नुपर्छ र बच्चाको लागि व्यवहारात्मक हस्तक्षेप योजना कार्यान्वयन गर्नुपर्छ;
- बच्चासँग पहिले नै व्यवहार हस्तक्षेप योजना छ भने उक्त योजनाको समीक्षा गर्नुपर्छ र व्यवहारलाई

(11)34 CFR § 300.530(d).
(12)34 CFR § 300.530(e)(1)(i-ii).
(13)34 CFR § 300.530(e)(2).
(14)34 CFR § 300.530(e)(3).
(15)34 CFR § 300.530(f)(1).

सम्बोधण गर्न आवश्यक भए अनुसार यसलाई परिमार्जन गर्नुपर्छ;(16) र

- बच्चालाई लागू पदार्थ, हतियार वा गम्भिर शारीरिक चोटपटकको लागि अन्तरिम शैक्षिक सेटिङमा हटाउँदा बाहेक बच्चाको व्यवहारात्मक हस्तक्षेप योजनालाई परिमार्जन गर्ने कार्यको भागको रूपमा स्थान नियोजनको परिवर्तनमा अभिभावकहरू र सार्वजनिक निकायले सहमति नजनाउँदासम्म बच्चालाई हटाइएको स्थानबाट स्थान नियोजनमा फिर्ता गर्नुपर्छ।(17)

## विशेष परिस्थितिहरू:

विद्यालय कर्मचारीले बच्चाले निम्न कुराहरू गरेका अवस्थाहरूमा व्यवहारलाई बच्चाको असक्षमताको प्रत्यक्षीकरण निर्धारण गर्ने वा नगर्ने भन्ने सम्बन्ध बिना 45 विद्यालय दिनसम्मको लागि अन्तरिम शैक्षिक सेटिङमा बच्चालाई हटाउन सक्नुहुन्छ:

- राज्य वा स्थानीय सार्वजनिक निकायको क्षेत्राधिकार अन्तर्गत विद्यालय, विद्यालयका परिसरहरूमा वा विद्यालयको कार्यक्रममा हतियार बोक्नुहुन्छ वा धारण गर्नुहुन्छ;(18)
- राज्य वा स्थानी सार्वजनिक निकायको क्षेत्राधिकार अन्तर्गत, विद्यालय, विद्यालय परिसर वा विद्यालयको कार्यक्रममा हुँदा गैर-कानूनी औषधिहरू जानीजानी धारण गर्नुहुन्छ वा प्रयोग गर्नुहुन्छ वा नियन्त्रित पदार्थ बिक्री गर्नुहुन्छ वा बिक्री गर्ने इच्छा राख्नुहुन्छ;(19) वा
- राज्य वा स्थानीय सार्वजनिक निकायको क्षेत्राधिकार अन्तर्गत विद्यालय, विद्यालयका परिसरहरू वा विद्यालयको कार्यक्रममा अर्को व्यक्तिमाथि गम्भीर शारीरिक चोट पुर्‍याउनु भएको छ।(20)

IEP टोलीले स्थान नियोजनका परिवर्तनहरूका निष्कासन र उप-शीर्षकहरूको अतिरिक्त अधिकारी र विशेष परिस्थितिहरू अन्तर्गतका निष्कासनहरूको लागि अन्तरिम शैक्षिक सेटिङलाई निर्धारण गर्छ।

## स्थान नियोजनको परिवर्तन:

बच्चाको हालको शैक्षिक स्थान नियोजनबाट असक्षमता भएको बच्चाका निष्कासनहरूको प्रयोजनहरूको लागि, निम्न कुराहरू हुन्छ भने स्थान नियोजनको परिवर्तन हुन्छ:

- निष्कासनहरू विद्यालय वर्षमा 10 लगातार विद्यालय दिनभन्दा धेरैको लागि हुन्छ; वा
- बच्चालाई विद्यालय वर्षमा निष्कासनहरू 10 विद्यालयभन्दा धेरै भएको कारणले प्याट्रन स्थापित गर्ने निष्कासनहरूको श्रृङ्खलाको अधिनमा राखिन्छ; बच्चाको व्यवहार निष्कासनहरूको श्रृंखलाहरू निम्ताएका पछिल्लो घटनाहरूमा बच्चाको व्यवहारसँग वास्तवमै मान छ; र प्रत्येक निष्कासको लम्बाइको अनुसार उक्त अतिरिक्त तत्वहरूको कारणले, बच्चालाई हटाइएको समयको मात्रा र निष्कासहरूको निकटता

  एक अर्कासँग छ।

सार्वजनिक निकायले निष्कासनहरूको प्याटर्नले स्थान नियोजनको परिवर्तनहरूलाई स्थापित गर्छ वा गर्दैन भनी मामिकाको आधारमा निर्धारण गर्छ। यो निर्धारण उचित प्रक्रिया र न्यायिक कार्यवाहीहरूबाट समीक्षाको अधिनमा छ। व्यवहार अपाङ्गताको कारणले प्रकट भएको होस् वा नहोस् कुनै बच्चालाई 10 भन्दा बढी विद्यालय दिनको लागि हटाउनाले, स्थाननलाई परिवर्तन गर्छ वा औषधी, हतियार वा गम्भीर शारीरिक चोटपटकको लागि कुनै बच्चालाई अन्तरिम वैकल्पिक वातावरण (IAES) मा सारिदा उक्त बच्चा अर्को वातावरणमा भए पनि सामान्य शिक्षा पठ्यक्रममा सहभागी हुने कुरालाई जारी राख्न आफूलाई सक्षम बनाउन तथा निजको IEP मा तय गरिएका उद्देश्यहरू प्राप्त गर्न अग्रसर बन्न आवश्यक सेवाहरू निरन्तर रूपमा प्राप्त गर्नेछ। बच्चाले व्यवहारात्मक उल्लङ्घन फेरि नहोस् भनी सम्बोधन गर्न डिजाइन गरिएका प्रकार्यात्मक व्यवहारात्मक मूल्याङ्कन र व्यवहार हस्तक्षेप सेवा र परिमार्जनहरूउ उपयुक्त भए अनुसार प्राप्त गर्नुपर्छ। IEP टोलीले सेवाहरू उपलब्ध गराइने उपयुक्त सेवाहरू र स्थान निर्धारण गर्छ।

---

(16)34 CFR § 300.530(f)(2).
(17)34 CFR § 300.530(g)(1).
(18)34 CFR § 300.530(g)(2).
(19)34 CFR § 300.530(g)(3).
(20)34 CFR § 300.532(a).

## अनुशासनात्मक कार्यवाहीको अपील:

असक्षमता भएको बच्चाका अभिभावकहरूले प्रत्यक्षीकरण निर्धारण वा अनुशासनात्मक कारणहरूको लागि स्थान नियोजनसँग सम्बन्धित कुनै पनि निर्णयसँग असहमति जनाउनुहुन्छ भने, अभिभावकहरूले प्रशासनिक सुनुवाईको कार्यालय (OAH) र सार्वजनिक निकायसँग उचित प्रक्रियाको उजुरी दायर गर्न सक्नुहुन्छ।(21) सार्वजनिक निकायले बच्चाको हालको स्थान नियोजनलाई कायम राख्नाले बच्चा वा अरूहरूलाई वास्तवमै सम्भावित चोटपटक निम्त्याउँछ भन्ने विश्वास गर्छ भने, सार्वजनिक निकायले OAH र अभिभावकहरूसँग उचित प्रक्रियाको उजुरी दायर गर्न सक्छ। यो खण्ड अन्तर्गत सुनुवाईको अनुरोध गर्दा, अभिभावकहरू र LEA ले समाधान बैठकलाई त्याग्ने वा मध्यस्थता प्रयोग गर्न कुरमा लिखित रूपमा सहमति नजनाउँदासम्म, समाधान बैठक उचित प्रक्रियाको उजुरीको सूचना प्राप्त गरेको सात दिन भित्र हुनुपर्छ र उचित प्रक्रियाको उजुरीको प्राप्तिको 15 दिनभित्र दुवै पक्षहरूको सन्तुष्टिमा समस्यालाई समाधान नगर्दासम्म उचित प्रक्रियाको सुनुवाईलाई अगाडि बढाइनेछ।

प्रशासनिक कानून न्यायाधीश (ALJ) ले उचित प्रक्रियाको सुनुवाई सञ्चालन गर्छ। माथि गरिएको कुनै पनि निर्णयको सम्बन्धमा सुनुवाई जतिखेर अनुरोध गरेतापनि, सुनुवाई 34 CFR § 300.532(c) अनुसार शीघ्र र अनुकूल हुनुपर्छ; सुनुवाई उचित प्रक्रियाको उजुरी दायर गरेको मितिको 20 विद्यालय दिनभित्र हुनुपर्छ र सुनुवाई अधिकारीले सुनुवाईपछि 10 विद्यालय दिन भित्र निर्णय गर्नुपर्छ।

अनुशासनात्मक अपीलमा निर्णय गर्दा, ALJ ले निम्न कुराहरू गर्न सक्छ:

- बच्चालाई हटाइएको ठाउँबाट स्थान नियोजनमा फिर्ता ल्याउन; वा
- ALJ ले बच्चाको हालको स्थान नियोजनलाई कायम राख्नाले बच्चा वा अरूहरूलाई वास्तवमै सम्भावित चोटपटक निम्त्याउँछ भने बच्चाको स्थान नियोजनलाई उपयुक्तत अन्तरिम वैकल्पिक सेटिङ्मा 45 विद्यालय दिनभन्दा धेरै नगरेर परिवर्तनको आदेश दिन।
- यो खण्डको खण्डमा शीघ्र उचित प्रक्रियाको सुनुवाईमा गरिएको कुनै पनि निर्णय 34 CFR § 300.514 सँग अपीलयोग्य रूपमा अनुकूल छ।(22)

नोट: LEA ले बच्चालाई वास्तविक स्थान नियोजनमा फिर्ता गर्नाले बच्चा वा अरूहरूलाई मौलिक रूपमा सम्भावित चोटपटक निम्ताउँछ भनी विश्वास गर्छ भने माथिका कार्यविधिहरू दोह्ऱ्याउन सकिन्छ।(23)

अभिभावकहरू वा सार्वजनिक निकायद्वारा उचित प्रक्रियाको उजुरीको अनुरोध गर्दा, अभिभावकहरू र सार्वजनिक निकायले अन्यथा सहमति नजनाउँदासम्म, जुन पहिले भएतापनि बच्चा ALJ को निर्णयलाई विचाराधिनमा राख्दै वा समयावधिको म्याद समाप्ति मिति उपलब्ध नगराउँदासम्म (45 विद्यालय भन्दा धेरै हुँदैन) अन्तरिम वैकल्पिक शैक्षिकक सेटिङ्मा रहन्छ।

## बच्चालाई अझैसम्म योग्य निर्धारण गरिएको छैन

कुनै नियम वा आचार सहिंताको उल्लङ्घन गर्ने व्यवहार हुनुपूर्व सार्वजनिक निकायलाई उक्त बच्चा अपाङ्ग छ भन्ने कुराको जानकारी थियो भने विशेष शिक्षाको लागि योग्य निर्धारित नभएका बच्चाहरू तथा कुनै नियम वा आचार सहिंताको उल्लङ्घन गर्ने खालको व्यवहार गर्ने बच्चाहरूले प्रदान गरिएको कुनै सुरक्षाको किटान गर्न सक्छन् ।

सार्वजनिक निकायसँग निम्न अवस्थामा अनुशासन सम्बन्धी कार्यवाही ल्याउने व्यवहार हुनुअघि जानकारी भएको मानिन्छ:

- अभिभावकहरूले आफ्नो बच्चालाई विशेष शिक्षा र सम्बन्धित सेवाहरूको आवश्यकता छ भनी सार्वजनिक निकायको सुपेरिवेक्षक वा प्रशासनिक कर्मचारी; वा बच्चाको शिक्षकलाई लिखितमा चिन्ता व्यक्त गर्नुभयो;

(21)34 CFR § 300.532(c)(5).
(22)34 CFR § 300.532(b)(3).
(23)34 CFR § 300.506(b)(1)(i).

- अभिभावकले मूल्याङ्कनको अनुरोध गरेमा; वा
- बच्चाको शिक्षक वा विद्यालयको कर्मचारीले सिधै सार्वजनिक निकायको विशेष शिक्षाको निर्देशक वा अन्य सुपेरिवेक्षक कर्मचारीलाई बच्चाले देखाएको व्यवहारको ढाँचाको बारेमा विशेष चिन्ता व्यक्त गरेमा।

सार्वजनिक निकायलाई ज्ञान भएको मानिँदैन यदि:

- अभिभावकले सार्वजनिक निकायलाई आफ्नो बच्चाको मूल्याङ्कन गर्ने अनुमति दिन अस्वीकार गर्नुभयो;
- अभिभावकहरूले सार्वजनिक निकायलाई विशेष शिक्षाका सेवाहरू उपलब्ध गराउने अनुमति दिन अस्वीकार गर्नुभयो; वा
- बच्चालाई मूल्याङ्कन गरिएको थियो र उहाँ IDEA अन्तर्गत असक्षमता नभएको बच्चा भनी निर्धारण गरिएको थियो।

सार्वजनिक निकायसँग अनुशासन सम्बन्धी कार्यवाही गर्नु अगाडि बच्चाको असक्षमताको बारेमा जानकारी छैन भने, बच्चालाई तुलनात्मक व्यवहारहरूमा संलग्न हुने असक्षमताहरू नभएको बच्चाको रूपमा सोही अनुशासनात्मक कार्यवाहीहरूको अधिनमा राख्न सकिन्छ।

अभिभावकले आफ्नो बच्चा अनुशासन सम्बन्धी कार्यवाहीको अधिनमा रहने समयावधि भित्र मूल्याङ्कनको लागि अनुरोध गरेमा, मूल्याङ्कन शीघ्र गरिनुपर्छ। नतिजाहरूलाई विचाराधिनमा राख्दै, बच्चा विद्यालयका अधिकारीहरूद्वारा निर्धारण गरिएको शैक्षिक स्थान नियोजनमा रहन्छन्। सार्वजनिक निकायको मूल्याङ्कन र अभिभावकहरूद्वारा उपलब्ध गराइएको जानकारीमा आधारित रहेर,बच्चालाई असक्षमता भएको बच्चा निर्धारित गरिन्छ भने, सार्वजनिक निकायले विशेष शिक्षा र सम्बन्धित सेवाहरू उपलब्ध गराउनुपर्छ र असक्षमताहरू भएको बालबालिकामा अनुशासनसँग सम्बन्धित सबै प्रक्रियात्मक सुरक्षाहरू लागू हुन्छन्।

## कानून कार्यन्वयन र न्यायिक अधिकारीहरूमा गरिने सिफारिस र उनीहरूद्वारा गरिने कार्यवाही

IDEA ले सार्वजनिक निकायहरूलाई उपयुक्त अधिकारी र कानून प्रवर्तनलाई अपराध रिपोर्ट गर्नुबाट निषेधित गर्दैन। न्यायिक अधिकारीहरूले असक्षमता भएको बच्चाद्वारा गरिएका अपराधहरूमा संघीय र राज्य कानून लागू गर्नमा आफ्ना जिम्मेवारीहरू प्रयोग गर्न सक्छन्। अपराधको रिपोर्ट गर्ने कुनै पनि निकायले पारिवारिक शैक्षिक अधिकार तथा गोपनीयता ऐन (FERPA) द्वारा अनुमति दिइएको हदसम्म उपयुक्त अधिकारीहरूलाई बच्चाको विशेष शिक्षा र अनुशासनात्मक रेकर्डहरूका प्रतिलिपिहरू पूर्ति गर्नेछन्।

## सार्वजनिक खर्चमा निजी विद्यालयहरूमा बालबालिकाको अभिभावकिय एकतर्फी स्थान नियोजन

**IEP**

**34 CFR § 300.148**

**सार्वजनिक निकायले नि:शुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) उपलब्ध गराउँछ र अभिभावकले आफ्नो बच्चालाई नीजि विद्यालयमा राख्ने छनोट गर्नुहुन्छ भने IDEA ले कुनै सार्वजनिक निकायलाई असक्षमता भएको बच्चालाई निजी विद्यालयमा राख्दा लाग्ने प्रारम्भिक हस्तक्षेप वा विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू सहितको शिक्षाको लागत तिर्न बाध्य पार्नेछैन।**

सार्वजनिक निकायले नि:शुल्क उचित सार्वजनिक शिक्षा (FAPE) उपलब्ध गराएमा र अभिभावकले आफ्नो बच्चालाई निजी विद्यालयमा राख्ने निर्णय गरेमा IDEA ले कुनै सार्वजनिक  निकायलाई अपाङ्गता भएको बच्चालाई निजी विद्यालयम राख्दा लाग्ने विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू सहितको शिक्षाको लागत तिर्न बाध्य पार्नेछैन। यद्यपि, संघीय नियमावली अनुसार सार्वजनिक निकायले उक्त बच्चालाई अभिभावकहरूद्वारा निजी विद्यालयहरूमा भर्ना गरिएका

बालबालिकाको जनसंख्यामा समावेश गर्नेछ ।
FAPE को उपलब्धतासँग सम्बन्धित सार्वजनिक निकाय र अभिभावक बिचमा हुने असहमति तथा वित्तीय उत्तरदायित्व IDEA अन्तर्गत उचित प्रक्रिया उजुरी पद्धतिहरूको विषयहरू हुन् । कृपया अधिक जानकारीको लागि “असहमतिहरू समाधान गर्ने तरीका” हेर्नुहोस् ।

असक्षमता भएको बच्चाले सार्वजनिक निकायको अधिकार अन्तर्गत पहिले नै विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्राप्त गर्नुभएको छ र अभिभावकहरूले आफ्नो बच्चालाई सार्वजनिक निकायको सहमति वा सन्दर्भ बिना नीजि प्रस्कुल, इलिमेन्टरी वा सेकेण्डरी विद्यालयमा भर्ना गर्नुनुहुन्छ भने, ALJ वा अदालतलाई सार्वजनिक निकायले उक्त भर्ना अगाडि सामयिक रूपमा त्यो बच्चालाई FAPE उपलब्ध गराएको थिएन तथा निजी स्थान नियोजन उपयुक्त छ भन्ने लागेमा ALJ वा अदालतले उक्त सार्वजनिक निकायलाई भर्नाको खर्च प्रतिपूर्ति गर्न लगाउन सक्छ। तपाईंको अभिभावकीय स्थान नियोजनले सार्वजनिक निकायहरूद्वारा उपलब्ध गराइएको शिक्षमा लागू हुने राज्यका मापदण्डहरूलाई पूरा नगरेतापनि ALJ वा अदालतले यसलाई उपयुक्त फेला पार्न सक्छ।

## प्रतिपूर्तिको सीमितता:

प्रतिपूर्ति ALJ वा अदालतद्वारा घटाउन वा अस्वीकार गर्न सकिन्छ यदि:

- अभिभावकहरू आफ्नो बच्चालाई सार्वजनिक विद्यालयबाट हटाउनुपूर्व उपस्थित हुनुभएको एकदमै हालको IEP टोली बैठकमा, अभिभावकहरूले आफ्ना चिन्ताहरू र आफ्नो बच्चालाई सार्वजनिक खर्चमा निजी विद्यालयमा भर्ना गर्ने आफ्नो अभिप्राय व्यक्त गर्दै FAPE उपलब्ध गराउने सार्वजनिक निकायद्वारा प्रस्ताव गरिएको स्थान नियोजनलाई अस्वीकार गर्दै हुनुहुन्थ्यो भनी IEP टोलीलाई सूचित गर्नुभएन; वा
- अभिभावकले सार्वजनिक विद्यालयबाट आफ्नो बच्चालाई हटाउन भन्दा (छुट्टी दौरान हुने कुनै व्यवसायिक दिन सहित) कम्तिमा दश (10) व्यवसायिक दिनअघि, अभिभावकले सार्वजनिक निकायलाई आफ्नो बच्चाको सार्वजनिक स्थाननसँग सम्बन्धित आफ्ना चिन्ताहरू सहित बच्चालाई हटाउने मनाशायको लिखित सूचना नदिएमा; वा
- सार्वजनिक विद्यालयबाट अभिभावकहरूले आफ्नो बच्चालाई हटाउनु अघि सार्वजनिक निकायले अभिभावकहरूलाई तिनीहरूको बच्चाको मूल्याङ्कन गर्ने यसको मनशायको आवश्यकताहरूको लिखित सूचनाको माध्यमबाट (जुन मूल्याङ्कन उपयुक्त तथा उचित थियो त्यो मूल्याङ्कनको उद्देश्यको कथन सहित) सूचना दिएको तर अभिभावकहरूले आफ्नो बच्चालाई मूल्याङ्कनको लागि उपलब्ध नगराएको अवस्थामा; वा
- अभिभावकहरूका कार्यहरूको सम्मानमा न्यायिक रूपमा अनुचित देखिएको अवस्थामा।

माथि उल्लेखित सूचना आवश्यकताहरूको बाबजुद, प्रतिपूर्तिको लागत:

- उक्त सूचना उपलब्ध गराउने अभिभावकहरूको असफलताको लागि घटाइने वा अस्वीकार गरिनेछैन, यदि:
  - सार्वजनिक निकायले अभिभावकहरूलाई सूचना उपलब्ध गराउनबाट रोक्यो,
  - माथि व्याख्या गरिएका IDEA सूचनाका आवश्यकताहरू अन्तर्गत अभिभावकहरूले लिखित सूचना प्राप्त गर्नुभएको छैन,
  - सूचना आवश्यकताहरूको अनुपालनाले सम्भावित बच्चालाई शारीरिक हानी निम्ताउन सक्छ, र
- अदालत वा ALJ को निर्णयमा उक्त सूचना उपलब्ध गराउन असक्षम भएका कारणले घटाउन वा अस्वीकार गर्न सकिन्छ यदि:
  - अभिभावकहरू साक्षर छैनन् र अंग्रेजीमा लेख्न सक्दैनन् वा
  - माथि व्याख्या गरिए अनुसार सूचनाको अनुपालनाले बच्चालाई सम्भावित गम्भीर भावनात्मक हानी निम्ताउन सक्छ।

## वयस्कताको उमेरमा अभिभावकीय अधिकारहरूको स्थानान्तरण

**IEP**

**34 CFR § 300.520**

**मेरिल्याण्डमा, अभिभावकीय अधिकारीहरू सीमित परिस्थितिहरू अन्तर्गत बाहेक वयस्कताको उमेरमा पुगेको असक्षमताहरूको बालबालिकामा स्थानान्तर हुँदैन।**

मेरिल्याण्ड कानून अन्तर्गत, निश्चित सीमित परिस्थितिहरूमा, IDEA अन्तर्गत अभिभावकहरूलाई प्रदान गरिएका सबै अधिकारहरू असक्षमता भएको बालबालिकामा स्थानान्तर हुनेछ। राज्य कानून अन्तर्गत बच्चालाई अयोग्य घोषित गरिएको छ र निम्न कुराहरू बताउने कागजात छ भने, यो स्थानान्तर बच्चा 18 वर्ष उमेरको पुग्दा हुन्छ:

- अभिभावकहरू अनुपलब्ध वा अज्ञात छन् र प्रतिनिधि अभिभावक नियुक्त गर्नुको सट्टा अभिभावकीय अधिकारहरू बच्चालाई हस्तान्तरण गरिने अनुरोध गर्नुहुन्छ;
- अभिभावकहरूलाई अघिल्लो वर्षदेखि संलग्न गराउने सार्वजनिक निकायद्वारा गरिएका बारम्बार प्रयासहरूपछि बच्चाको लागि विशेष शिक्षाको निर्णय गर्ने प्रक्रियामा अभिभावकहरू सहभागी हुनुभएको छैन;
- अभिभावकहरूले विशेष शैक्षिक निर्णय गर्ने प्रक्रियामा सहभाभिता जनाउन स्वीकारात्मक रूपमा अस्वीकार गर्नुभएको छ;
- एक वा दुबै अभिभावकहरूको लामो अस्पताल भर्ना, संस्थामा भर्ना वा गम्भीर विरामी वा रोगको कारणले अभिभावकहरू विशेष शिक्षा निर्णय प्रक्रियामा सहभागी हुन सक्नुहुन्न र अभिभावकहरूले बच्चालाई अधिकारहरू स्थानान्तर गर्न सहमति जनाउनुभयो;
- अभिभावकहरू आफ्नो नियन्त्र बाहिरका असाधारण परिस्थितिहरूको कारणले विशेष शिक्षा निर्णय गर्ने प्रक्रियामा सहभागी हुन सक्नुहुन्छ र अभिभावकहरूले बच्चालाई अधिकारहरू स्थानान्तर गर्न सहमति जनाउनुभयो; वा
- बच्चा अभिभावकहरूको घरभन्दा बाहिर बस्नुहुन्छ र अर्को सार्वजनिक निकायको स्याहार वा जिम्मामा हुनुहुँदैन।

असक्षमता भएको बच्चासँग बस्ने अभिभावकहरूले बच्चा 18 वर्ष उमेरको पुग्दा बच्चालाई अधिकारीहरू स्थानान्तर गर्न सहमत हुनुहुन्न र बच्चालाई राज्य कानून अन्तर्गत अयोग्य घोषित गरिएको छैन भने, कुनै पनि पक्षले अधिकारहरू स्थानान्तरण गर्नुपर्छ वा पर्दैन भनी निर्धारण गर्न उचित प्रक्रियाको उजुरी दायर गर्न सक्नुहुन्छ।

असक्षमता भएको बच्चालाई संघीय र राज्य कानून र नियमनहरूको अनुसार अभिभावकको प्रतिनिधिद्वारा प्रतिनिधित्व गरिन्छ भने, सार्वजनिक निकायले दुवै बच्चा र अभिभावकलाई संघीय र राज्य कानून तथा नियमनहरू

अन्तर्गत कुनै पनि लिखित सूचना उपलब्ध गराउनेछ। बच्चालाई राज्य कानून अन्तर्गत अयोग्य घोषित गरिएको छैन र बच्चाले अधिकारहरूको स्थानान्तरको अनुरोध गर्नुहुन्छ भने IDEA अन्तर्गत अभिभावकको प्रतिनिधिलाई प्रदान गरिएका सबै अन्य अधिकारहरू बच्चालाई स्थानान्तर गरिन्छ।

## असहमतिहरू समाधान गर्ने

**IEP र IFSP**

**34 CFR §§ 300.506-300.516 र 34 CFR §§ 303.430-303-434 र §§ 303.440-303.449**

**निम्न कार्यविधिहरूले बच्चाको प्रारम्भिक हस्तक्षेप वा विशेष शैक्षिक कार्यक्रम र योग्यतासहित सम्बन्धित सेवाहरूको सम्बन्धमा असहमतिहरू समाधान गर्नको लागि अभिभावक र सार्वजनिक निकायहरूलाई उपलब्ध हुने प्रक्रियाहरू बारे व्याख्या गर्छ। ती विकल्पहरूमा मध्यस्थता, राज्य उजुरी र बाँकी प्रक्रियाको उजुरी समावेश छन् ।**

## मध्यस्थता:

मध्यस्थता भनेको उचित प्रक्रियाको उजुरी दायार गर्नुभन्दा अगाडि उठ्ने मामिलाहरूसहित IDEA को भाग B अन्तर्गत कुनै पनि मामिलासँग संलग्न असहमतिहरूलाई समाधान गर्ने बच्चाको शिक्षाको लागि जिम्मेवा असक्षमता भएको बच्चाका अभिभावकहरू र सार्वजनिक निकायद्वारा कुनै पनि समयमा प्रयोग गर्न सकिने सबै पक्षहरूको लागि स्वैच्छिक प्रक्रिया हो।(24) मध्यस्थता अभिभावकहरू वा सार्वजनिक निकायद्वारा अनुरोध गर्न सकिन्छ।(25)

IEP/IFSP टोली बैठकको अवधिमा, अभिभावक बच्चाको IEP/IFSP वा बच्चालाई उपलब्ध गराइने विशेष शिक्षाका सेवाहरूमा असहमत हुनुहुन्छ भने, IEP/IFSP ले अभिभावकलाई साधारण भाषामा निम्न कुराहरू उपलब्ध गराउनेछ:

- मध्यस्थताको अनुरोध गर्ने अभिभावकको अधिकारको मौखिक र लिखित व्याख्या;
- अभिभावकले मध्यस्थताको प्रक्रिया बारे थप जानकारी प्राप्त गर्न प्रयोग गर्न सक्ने टेलिफोन नम्बरसहित सम्पर्क जानकारी; र
- प्रो बोनो प्रतिनिधित्वसँग सम्बन्धित जानकारी र क्षेत्रमा उपलब्ध अन्य नि:शुल्क वा न्यून शुल्क र सम्बन्धित सेवाहरू ।

अभिभावकहरूको मातृभाषामा रूपान्तरण हुनको लागि उनीहरूले मध्यस्थताको बारेमा जानकारीको अनुरोध गर्न सक्नेछन्। अभिभावकहरूद्वारा बोलिने मातृभाषा स्थानीय विद्यालय प्रणालीमा विद्यार्थी जनसङ्ख्याको 1 प्रतिशतभन्दा धेरै जनाद्वारा बोलिन्छ भने, IEP/IFSP टोलीले अनुरोधको मितिपछि 30 दिनभित्र अनुवाद गरिएको कागजात अभिभावकलाई उपलब्ध गराउनेछ।

प्रभावकारी मध्यस्थता प्रविधिहरूमा योग्य र प्रशिक्षित प्रशासनिक सुनुवाई कार्यालय (OAH) को कर्मचारीले मध्यस्थता सञ्चालन गर्नुहुनेछ। OAH भनेको MSDE को भाग नभएको न्यायिक संस्था हो। OAH सँग योग्य कर्मचारीहरूको सूची छ जसको व्यक्तिगत वा पेशागत रूचिको द्वन्द्व छैन, राज्य एजेन्सी वा LEA को कर्मचारी होइन जुन शिक्षा वा बालको स्याहारमा संलग्न छ र मध्यस्थता सञ्चालन गर्न न्यायिक शैलीमा चयन गरिएका छन्। माथि व्याख्या गरिए अनुसार योग्य मध्यस्थकर्ता मध्यस्थकर्ताको रूपमा सेवा प्रदान गर्ने कारणले एकल रूपमा MSDE वा LEA को कर्मचारी होइन ।

- मध्यस्थता अभिभावक वा बच्चाको प्रारम्भिक हस्तक्षेप वा शिक्षाको लागि उत्तरदायी हुने सार्वजनिक निकायको लागि नि:शुल्क उपलब्ध छ र यसले अभिभावकहरूलाई मध्यस्थताको लागि प्रोत्साहित गर्न अभिभावकहरूलाई भेट्ने खर्च पनि व्योहोर्छ ।

- बच्चाको प्रारम्भिक हस्तक्षेप वा शिक्षाको लागि उत्तरदायी हुने सार्वजनिक निकाय तथा OAH सँग मध्यस्थताको लागि अनुरोध गरिन्छ । अभिभावकहरूलाई मध्यस्थताको लागि अनुरोध दायर गर्न, फाराम सार्वजनिक निकाय र MSDE को वेबसाइट www.marylandpublicschools.org. मा उपलब्ध छ अतिरिक्ति सहायताको लागि, सार्वजनिक निकायको विशेष शिक्षा कार्यालय वा MSDE प्रारम्भिक हस्तक्षेप/विशेष शिक्षा सेवाहरूको विभागलाई 410-767-7770 मा सम्पर्क गर्नुहोस्।
- अभिभावकहरू वा सार्वजनिक निकायलाई मध्यस्थताको अवधिमा सहायता र सुझाव दिन सकिन्छ।
- मध्यस्थता सत्र सामान्यतया लिखित अनुरोध प्राप्त गरेको 20 दिन भित्र हुनेछ तर समयोचित तरिका र

(24)34 CFR § 303.431(a).
(25)34 CFR § 303.431(b)(4).

विवादामा पक्षहरूलाई सहज हुने स्थानमा गर्नुपर्छ।[26]

- मध्यस्थता सत्रहरू बन्द पद्धतिहरू हुन्। मध्यस्थताको अवधिमा हुने छलफलहरू गोपनीय हुनुपर्छ र IDEA को भाग B अन्तर्गत सहायता प्राप्त गरिरहेको राज्यको कुनै पनि संघीय वा राज्य अदालतको निरन्तर उचित प्रक्रिया सुनुवाई वा नागरिक कार्यमा प्रमाणको रूपमा प्रयोग गर्न सकिँदैन। अभिभावक वा सार्वजनिक निकायलाई मध्यस्थता शुरु हुनु अगाडि गोपनियता प्रतिज्ञामा हस्ताक्षर गर्न लगाउन सकिनेछ।
- मध्यस्थतामा पक्षहरूले गरेको सहमतिलाई अनिवार्य रूपले यस्तो प्रकारको मुद्दाको सुनवाई गर्ने अधिकार भएको राज्य अदालत वा संघीय जिल्ला अदालतमा लागू हुने खालको लिखित सहमतिको रूपमा उतार्नुपर्छ। यो सम्झौता एजेन्सीलाई बाँध्ने अधिकारी भएको निकायको अभिभावक र प्रतिनिधिद्वारा हस्ताक्षर गरिएको हुनुपर्छ।
- अभिभावकले उचित प्रक्रियाको सुनुवाई अनुरोध गर्न उचित प्रक्रियाको उजुरी दायर गरेतापनि वा नगरेतापनि मध्यस्थता विवादहरूलाई समाधान गर्न उपलब्ध हुन्छ तर सार्वजनिक निकायले अभिभावको उचित प्रक्रियाको उजुरीमा सुनुवाईमा अभिभावकको अधिकारलाई अस्वीकार वा ढिलो गर्न मध्यस्थता प्रयोग गर्न सक्दैनन्।

## मध्यस्थतालाई प्रोत्साहित गर्ने बैठक:

सार्वजनिक निकायले मध्यस्थता प्रक्रियाको प्रयोग गर्न नचाहने अभिभावकहरूलाई मध्यस्थता प्रक्रियाका सुविधाहरूको बारेमा बर्णन गर्न तथा तिनीहरूलाई यो प्रक्रियाको प्रयोग गर्न प्रोत्साहित गर्न अभिभावकहरूलाई सुविधा हुने समय र स्थानमा भेट्ने प्रश्ताव गर्न सक्छ ।

## राज्य उजुरी र उचित प्रक्रियाको उजुरीको बीचमा भिन्नता:

**मध्यस्थताको साथमा, अभिभावकहरूसँग सार्वजनिक निकायसँग असहमतिहरू समाधान गर्नेको लागि राज्य उजुरी प्रक्रिया वा उचित प्रक्रियाको उजुरीको प्रक्रिया प्रयोग गर्ने अधिकार छ। यी विकल्पहरूका विभिन्न नियम र कार्यविधिहरू छन्।**

IDEA नियमनहरूसँग राज्य उजुरी र उचित प्रक्रियाका उजुरीहरूको लागि छुट्टै कार्यविधिहरू छन्। तल व्याख्या गरिए अनुसार, कुनै पनि व्यक्ति वा संस्थाले सार्वजनिक निकायद्वारा कुनै पनि IDEA आवश्यकताको उल्लङ्घन गरेको भन्ने आरोप लगाउँदै राज्य उजुरी दायर गर्न सक्छन्। अभिभावक वा सार्वजनिक निकायले मात्र असक्षमता भएको कुनै बच्चाको पहिचान, मूल्याङ्कन, प्रारम्भिक हस्तक्षेप सेवाहरू वा शैक्षिक स्थानन् वा बच्चाको लागि उपलब्ध नि:शुल्क उचित सार्वजनिक शिक्षा (FAPE) सँग सम्बन्ध राख्ने जुन सुकै मुद्दालाई लिएर उचित प्रक्रिया उजुरी दायर गर्न सक्छन्।

MSDE कर्मचारीले समयरेखा उचित रूपमा विस्तार गरिँदा बाहेक 60 पात्रो दिन भित्र राज्यको उजुरी दायर गरेको हुनुपर्छ। ALJ ले अभिभावकको अनुरोध वा सार्वजनिक निकायको अनुरोधमा समयरेखाको विशिष्ट विस्तार प्रदान नगर्दासम्म ALJ ले समस्या समाधान अवधिको अन्त्य वा

समायोजित समस्या समाधान अवधिको बीचमा 45 पात्रो दिनभित्र उचित प्रक्रियाको उजुरी (समस्या समाधान बैठक वा मध्यस्थताबाट समस्या समाधान गरिँदैन भने) सुन्नुपर्छ वा जारी राख्नुपर्छ।

यी विकल्पहरूको समीक्षा र तुलनाको लागि, यो कागजातको संलग्नक हेर्नुहोस्।

## राज्य उजुरी:

**अर्को राज्यको संस्था वा व्यक्तिसहित संस्था वा व्यक्तिसँग मेरिल्याण्ड राज्य शिक्षा विभाग (MSDE) सँग उजुरी दायर गर्ने अधिकार छ। राज्यलाई अनुसन्धान सञ्चालन गर्नको लागि, IDEA का नियमनहरूमा आवश्यक भए अनुसार लिखित उजुरीले विशिष्ट मापदण्डलाई पूरा गर्नुपर्छ। MSDE अभिभावकीय प्रशिक्षण र जानकारी केन्द्रहरू, सुरक्षा र अधिवक्त निकायहरू, स्वतन्त्र जीवनयापनका केन्द्रहरू र अन्य उपयुक्त संस्थाहरूसहित अभिभावकहरू र अन्य इच्छुक**

(26)34 CFR § 300.152(b)(1)(i).

**व्यक्तिहरूमा व्यापक रूपमा राज्य उजुरी कार्यविधिहरू फैलाउनको लागि जिम्मेवार हुनुहुन्छ।**

अर्को राज्यको संस्था वा व्यक्तिसहित संस्था वा व्यक्तिले सार्वजनिक निकायले प्रारम्भिक हस्तक्षेप वा विशेष शिक्षा आवश्यकतासँग सम्बन्धित संघीय वा राज्य कानून वा नियमनको उल्लङ्घन गरेको छ वा उचित प्रक्रियाको सुनिवाइ को निर्णयलाई कार्यान्वयन गरेको छैन भनी विश्वास लागेमा, समस्यालाई समाधान गर्न राज्य उजुरी दायर गर्न सकिन्छ। उजुरी MSDE मा दायर गरिनुपर्छ र सहायक राज्य सुपरिवेक्षक, प्रारम्भिक हस्तक्षेप/विशेष शिक्षा सेवाहरूको विभाग, MSDE, 200 West Baltimore Street, Baltimore, Maryland 21201 लाई सम्बोधन गरिनुपर्छ। MSDE मा राज्य उजुरी दायर गर्ने व्यक्ति वा संस्थाले सोही समयमा सार्वजनिक निकायलाई उजुरीको प्रतिलिपि पठाउनुपर्छ। उजुरी दायर गर्ने कार्यमा सहायता गर्न, विस्तृत कार्यविधिहरू र फाराम MSDE को वेबसाइट www.marylandpublicschools.org, मा वा विभागको उजुरी अनुसन्धान र उचित प्रक्रियाको शाखालाई 410-767-7770 मा फोन गरेर उपलब्ध हुन्छ।

राज्यको उजुरीमा निम्न कुराहरू समावेश हुनुपर्छ:

- सार्वजनिक निकायले संघीय वा राज्य कानून वा नियमनको आवश्यकतालाई उल्लङ्घन गरेको छ वा सार्वजनिक निकायले उचित प्रक्रियाको सुनुवाई कार्यान्वयन गर्न असफल भएको कथन;
- कथन आधारित भएका तथ्यहरू;
- राज्य उजुरी दायर गर्ने व्यक्ति/संगठनको हस्ताक्षर र सम्पर्क जानकारी; र
- राज्य उजुरीले विशिष्ट बच्चाको सन्दर्भमा उल्लङ्घनको आरोप लगाउँदै छ भने:
    - बच्चाको निवासको नाम र ठेगाना;
    - बच्चा उपस्थित हुने विद्यालयको नाम;
    - घरबिही बच्चा वा युवाको सन्दर्भमा, बच्चाको लागि उपलब्ध सम्पर्क जानकारी र बच्चा पढ्ने विद्यालयको नाम;
    - समस्यासँग सम्बन्धित तथ्यहरूसहित बच्चाको समस्याको प्रकृतिको विवरण; र
    - राज्य उजुरी दायर गरिएको समयमा पक्षलाई ज्ञात र उपलब्ध भएको विस्तारसम्म समस्याको प्रस्तावित समाधान।

नोट: MSDE सँग राज्य उजुरी दायर गर्नमा अभिभावक र सार्वजनिक निकायहरूलाई सहायता गर्ने मोडेल फारामहरू छन्। अभिभावक, सार्वजनिक निकाय र अन्य पक्षहरूले मोडेल फाराम प्रयोग गर्न सक्नुहुन्छ वा यसले माथिका आवश्यकताहरू पूरा गर्ने समयसम्म कुनै पनि अन्य फाराम प्रयोग गर्न सक्नुहुन्छ।

राज्यले उजुरी प्राप्त गरेको बढीमा एक वर्ष अगाडि भएको उल्लङ्घन बारे राज्य उजुरीले

स्वीकार गर्नुपर्छ। MSDE ले राज्य उजुरी प्राप्त गरेको 60 पात्रो दिन भित्र तथ्य र निष्कर्षहरूका खोजहरू समावेश गर्ने लिखित निर्णय जारी गर्नुपर्छ र निम्न भएमा मात्र 60 दिन समयरेखा विस्तार गर्न सक्छ:

- विशेष उजुरीसँग सम्बन्धित अपवादात्मक परिस्थितिहरू भएमा;[(27)] or
- संलग्न अभिभावक र सार्वजनिक निकायले मध्यस्थता वा विवाद समाधानका वैकल्पिक माध्यमहरूको प्रयोग गर्न समयलाई बढाउन स्वेच्छापूर्वक सहमति जनाएमा।[(28)]

कम्तीमा, MSDE ले निम्न कार्यहरू गर्नुपर्नेछ:

- आवश्यक निर्धारण गरिएमा स्वतन्त्र अन-साइट अनुसन्धान सञ्चालन गर्ने;
- उजुरीकर्तालाई राज्य उजुरीमा भएका आरोपहरूको बारेमा मौखिक वा लिखितमा अतिरिक्त जानकारी पेश गर्ने अवसर प्रदान गर्ने;
- सार्वजनिक निकायलाई उजुरी समाधान गर्ने प्रस्ताव पेश गर्न अवसर उपलब्ध गराउने र पक्षहरूलाई 34 CFR § 300.506 को अनुरूप मध्यस्थतामा स्वैच्छिक रूपमा संलग्न हुन अवसर उपलब्ध गराउने।[(29)]

(27)34 CFR § 300.152(b)(1)(ii).
(28)34 CFR § 300.152(a)(3).
(29)34 CFR § 303.440(a).

- सबै सान्दर्भिक जानकारीको समीक्षा गर्नुहोस् र सार्वजनिक निकायले संघीय र राज्य कानूनहरूका आवश्यकताहरूलाई उल्लङ्घन गरेको छ वा छैन भन्ने कुरा पत्ता लगाउन स्वतन्त्र निर्धारण गर्ने; र
- उजुरीमा प्रत्येक आरोपलाई सम्बोधन गर्ने उजुरीकर्ता र सार्वजनिक निकायलाई लिखित निर्णय जारी गर्ने र MSDE को अन्तिम निर्णयको लागि तथ्यका खोज र निष्कर्ष तथा कारणहरू समावेश हुनुपर्छ।

आवश्यक भएमा, निर्णयले प्राविधिक सहायता क्रियाकलाप, सम्झौता र अनुपालना प्राप्त गर्ने सुधारात्मक क्रियाकलापहरूसहित अन्तिम निर्णयको प्रभावकारी कार्यान्वयनको लागि कार्यविधिहरू समावेश गर्नेछ। MSDE ले सार्वजनिक निकाय उपयुक्त सेवाहरू उपलब्ध गराउन असफल भएको छ भनी निर्धारण गर्छ भने, अन्तिम लिखित निर्णयले बच्चाका आवश्यकताहरूलाई सम्बोधन गर्न उपयुक्त हुने सुधारात्मक कार्य (जस्तै क्षतिपूर्तिका सेवाहरू वा मौद्रिक प्रतिपूर्ति) र असक्षमताहरू भएका सबै बालबालिकाको लागि उपयुक्त भविष्यका सेवाहरूसहित बच्चाका आवश्यकताहरूमा उपयुक्त हुने ती सेवाहरूको अस्वीकृतिलाई सार्वजनिक निकायले कसरी प्रतिकार गर्छ भनी सम्बोधन गर्नेछ।

## राज्य उजुरी समाधान गर्ने तरीका:

असहमतिलाई समाधान गर्न मध्यस्थता र अन्य कम औपचारिक विधिहरू उपलब्ध हुन सक्छन र प्रोत्साहित गरिन्छ। पक्षहरूले उजुरीलाई समाधान गर्छ भने, MSDE ले संघीय नियमनहरू अन्तर्गत अनुसन्धान सञ्चालन गर्दैन।

## उचित प्रक्रियाको सुनुवाईको अधिनमा रहेको राज्य उजुरी समाधान गर्ने:

MSDE ले उचित प्रक्रिया सुनुवाईको भाग पनि रहेको राज्य उजुरी प्राप्त गर्छ वा कुनै राज्य उजुरीमा धेरै समस्याहरू समावेश हुन्छन् जसमध्ये एक वा सोभन्दा बढी सुनुवाईको भाग भएमा, MSDE ले उक्त उचित प्रक्रिया सुनुवाईको निष्कर्ष ननिस्कुञ्जेल सम्मलाई उचित प्रक्रियाको सुनुवाइमा सम्बोधन गरिएका राज्य उजुरीको कुनै पनि भागलाई छुट्याउनुपर्छ। यद्यपि, उचित प्रक्रिया सुनुवाईको भाग नरहेको राज्य उजुरीको कुनै पनि समस्यालाई माथि व्याख्या गरिएका समयरेखा र कार्यविधिहरू प्रयोग गरेर समाधान गरिनुपर्छ। राज्य उजुरीमा उचित प्रक्रिया सुनुवाईमा पहिले नै निर्णय गरिएका सोही पक्षहरू समावेश गर्ने मुद्द उठ्छ भने, सुनुवाई निर्णय बाध्यकारी हुन्छ र MSDE ले उक्त प्रभाव बारेमा उजुरीकर्तालाई सूचित गर्नेछ।

## उचित प्रक्रियाको उजुरी:

**अभिभावक, प्रारम्भिक हस्तक्षेप सेवाहरूको प्रदायक, स्थानीय नेतृत्व निकाय वा सार्वजनिक निकायले बच्चाको पहिचान, मूल्याङ्कन वा स्थान नियोजन वा प्रारम्भिक हस्तक्षेप सेवाहरू वा शैक्षिक स्थान नियोजनको प्रावधान वा बच्चालाई नि:शुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) को प्रावधानसँग सम्बन्धित कुनै पनि मामिलामा उचित प्रक्रियाको उजुरी दायर गर्न सक्नुहुन्छ।**[30]

उपयुक्त प्रक्रियाको उजुरीमा अभिभावक वा एजेन्सीले उपयुक्त प्रक्रिया उजुरीको आधार हुने आरोप लगाइएको कार्य बारे थाहा भएको वा थाहा हुनुपर्ने दुई वर्ष भएको वा यदि राज्यसँग यो भाग अन्तर्गत उक्त उपयुक्त प्रक्रिया सुनावाइ अनुरोधको लागि राज्य नियमद्वारा अनुमति दिइएको समयमा स्पष्ट समय सीमा भएमा उल्लङ्घनको आरोप लगाइएको हुनुपर्छ।[31]

अभिभावकले सार्वजनिक निकायले उचित प्रक्रिया उजुरीमा पहिचान भएका मुद्दाहरूको समाधान आफूले गरेको भनेर विशेष रूपले गलत प्रतिनिधित्व गरेको वा सार्वजनिक निकायले IDEA अन्तर्गत प्रदान गर्नुपर्ने सूचना अभिभावकबाट लुकाएको कारणले समय सीमा भित्र उचित प्रक्रिया उजुरी दायर गर्न रोकिएको थियो भने यो समय सीमा अभिभावकलाई लागू हुँदैन।[32]

उचित प्रक्रियाको उजुरी दायर गर्न, अभिभावक वा सार्वजनिक निकाय (वा अभिभावकको अधिवक्ता वा सार्वजनिक

(30)34 CFR § 300.511(e).
(31)34 CFR § 300.511(f).
(32)34 CFR § 303.430(e)(2).

निकायको अधिवक्ता) ले अन्य पक्ष र OAH लाई उचित प्रक्रियाको उजुरी पेश गर्नुपर्छ। उजुरीमा तल सूचीबद्ध गरिएका सबै सामग्री समावेश गर्नुपर्छ र गोपनीय राख्नुपर्छ।

अभिभावकहरूलाई उचित प्रक्रियाको उजुरी दायर गर्नमा सहायता गर्न, मध्यस्थता र उचित प्रक्रियाको अनुरोध उजुरी फाराम प्रारम्भिक हस्तक्षेप सेवाहरू उपलब्ध गराउइने, बच्चा विद्यालय उपस्थित हुने सार्वजनिक निकायबाट र MSDE वेबसाइटमा
www.marylandpublicschools.org मा उपलब्ध हुन्छ। अभिभावको अनुरोधमा वा अभिभावक वा निकायले उचित प्रक्रियाको उजुरी दायर गर्नुहुन्छ भने कुनै सम्भावित नि:शुल्क वा न्यून-लागतका कानूनी स्रोतहरू उपलब्ध हुन्छ। अतिरिक्त सहायताको लागि, सार्वजनिक निकायको प्रारम्भिक हस्तक्षेप कार्यालय, विशेष शिक्षा कार्यालय वा MSDE प्रारम्भिक हस्तक्षेप विभाग/विशेष शिक्षा सेवाहरूलाई (410) 767- 7770 मा सम्पर्क गर्नुहोस्।

## उचित प्रक्रियाको उजुरीको विषयवस्तु:

उचित उजुरी प्रक्रियामा निम्न कुरा समावेश हुनुपर्छ:

- बच्चाको नाम;
- बच्चाको निवासको ठेगाना (वा घरवार बिहीन बच्चाको लागि, उपलब्ध सम्पर्क जानकारी);
- बच्चा पढ्ने विद्यालयको नाम:
- बच्चाको शिक्षाको लागि जिम्मेवार सार्वजनिक निकायको नाम (अर्थात, स्थानीय विद्यालय प्रणाली);
- समस्यासँग सम्बन्धित तथ्यहरूसहित प्रस्तावित वा अस्वीकृत सुरुवात वा परिवर्तनसँग सम्बन्धित बच्चाको समस्याको विवरण; र
- उजुरीको समयामा पक्षलाई ज्ञात र उपलब्ध हुने विस्तारसम्म समस्याको प्रस्तावित समाधान।

अभिभावक वा सार्वजनिक निकायसँग अभिभावक वा सार्वजनिक निकाय (वा अभिभावकको अधिवक्ता वा सार्वजनिक निकायको अधिवक्ता) ले

यो जानकारी समावेश गर्ने उचित प्रक्रियाको उजुरी दायर नगर्दासम्म उचित प्रक्रियाको सुनुवाई प्राप्त नगर्न सक्छन्। MSDE ले अभिभावक र सार्वजनिक निकायहरूलाई उचित प्रक्रियाको उजुरी दायर गर्नमा सहायता गर्न उपलब्ध मोडेल फारामहरू छन्। अभिभावक, सार्वजनिक निकाय र अन्य पक्षहरूले मोडेल फाराम प्रयोग गर्न सक्नुहुन्छ वा यसले माथिका आवश्यकताहरू पूरा गर्ने समयसम्म कुनै पनि अन्य फाराम प्रयोग गर्न सक्नुहुन्छ।

## उचित प्रक्रिया उजुरीको प्रतिक्रिया:

पक्षले उचित प्रक्रिया उजुरी दायर गर्दा, बच्चाको प्रारम्भिक हस्तक्षेप र शिक्षाको जिम्मेवार सार्वजनिक निकायले निम्न कार्यहरू गर्नेछ:

- अभिभावकलाई उपलब्ध नि:शुल्क वा न्यून लागतको कानूनी र अन्य सान्दर्भिक सेवाहरू बारे सूचित गर्ने;
- अभिभावकलाई प्रक्रियागत सुरक्षाहरूको कागजातको प्रतिलिपि उपलब्ध गराउने; र
- अभिभावकलाई मध्यस्थताको उपलब्धता बारेमा जानकारी दिने।

सार्वजनिक निकायले उचित प्रक्रियाको उजुरीमा अभिभावकद्वारा उठाइएका समस्याहरूबारे अभिभावकहरूलाई पूर्व लिखित सूचना उपलब्ध गराएको छैन भने, सार्वजनिक निकायले निम्नसहित उचित प्रक्रियाको उजुरी प्राप्त गरेको 10 दिन भित्र प्रतिक्रिया पठाउनेछ:

- सार्वजनिक निकायले किन कार्यवाही(हरू) प्रस्ताव वा अस्वीकार गर्छ भन्ने बारेमा व्याख्या;
- सार्वजनिक निकायले विचार गरेका अन्य कुनै विकल्पको विवरण र ती विकल्पहरूलाई अस्वीकार गर्नुका कारणहरू;
- प्रस्तावित वा अस्वीकृत कार्यको लागि आधारको रूपमा प्रयोग गरिएको प्रत्येक मूल्याङ्कन कार्यविधि, मूल्याङ्कन, रेकर्ड वा रिपोर्टको विवरण;

- प्रस्तावित वा अस्वीकृत कार्यसँग सान्दर्भिक र आधारको रूपमा प्रयोग गरिएका अन्य कारकहरूको विवरण;
- असक्षमता भएको बच्चाका अभिभावकहरूसँग यो भागका प्रक्रियात्मक सुरक्षाहरू अन्तर्गत संरक्षणहरू छन् भन्ने कथन र यो सूचना मूल्याङ्कनको लागि प्रारम्भिक सिफारिस होइन भने, प्रक्रियात्मक सुरक्षाहरूको प्रतिलिपि प्राप्त गर्न सकिने माध्यमहरू हुन्; र
- IDEA का प्रावधानहरू बुझ्नमा सहायता प्राप्त गर्न अभिभावकहरूको लागि सम्पर्क गर्ने स्रोतहरू।

यो प्रतिक्रियाले उपयुक्त हुँदा अभिभावको उचित प्रक्रियाको उजुरी अपर्याप्त थियो भनी दावी गर्नबाट सार्वजनिक निकायलाई रोक्दैन।

उचित प्रक्रिया उजुरीको अर्को पक्ष (अभिभावक वा सार्वजनिक निकाय) ले उचित प्रक्रिया उजुरी प्राप्त गरेको 10 पात्रो दिनभित्रमा उचित प्रक्रिया उजुरीमा भएका मुद्दाहरूलाई विशेष रूपमा सम्बोधन गर्ने प्रतिक्रिया अर्को पक्षलाई पठाउनुपर्छ।

## सूचनाको पर्याप्तता:

उजुरी प्राप्त गर्ने पक्षले लिखित रूपमा OAH र अर्को पक्षलाई प्राप्त भएको 15 दिन भित्र प्राप्त गर्ने पक्षलाई उचित प्रक्रिया उजुरीले सामाग्री आवश्यकता पूरा गर्दैन भनी सूचित गरेको अवस्थामा बाहेक उचित प्रक्रिया उजुरीलाई पर्याप्त ठानिन्छ। दोषको सूचना प्राप्त गरेको पाँच (5) दिन भित्रमा, OAH ले उचित प्रक्रियाको उजुरीले सामग्रीका आवश्यकताहरू पूरा गर्छ वा गर्दैन भनी निर्धारण गर्छ र पक्षहरूलाई लिखितमा तुरून्तै सूचित गर्नेछ।

अर्को पक्षले लिखित रुपमा सहमत भएको र निजलाई तल उल्लेखित समाधान बैठकको माध्यमबाट मुद्दाहरूको सामाधान गर्ने अवसर प्रदान गरिएमा वा OAH ले उचित प्रक्रिया उजुरी भएको बढीमा पाँच (5) दिन अघि अनुमति प्रदान गरेमा मात्र सम्बन्धित पक्षले आफ्नो उचित प्रक्रिया उजुरी संशोधन गर्न सक्छ। समाधान बैठक र उचित प्रक्रियाको सुनुवाईको समयरेखा संशोधित प्रक्रियाको उजुरी दायरा गरपेछि फेरि सुरु हुन्छ।

## कार्यवाहीहरूको अवधिमा बच्चाको स्थिति:

(अनुशासन खण्ड अन्तर्गत व्यवस्था गरिएको बाहेकका) कुनै प्रशासनिक वा न्यायिक कार्यवाहीहरू विचाराधीन रहेको अवस्थामा, अभिभावक र सार्वजनिक निकायहरू अर्को कुरामा सहमत नभएसम्म, उक्त बच्चा अनिवार्य रूपले निजको साविकको प्रारम्भिक हस्तक्षेत वा शैक्षिक स्थननमै रहनुपर्छ। कार्यवाहीहरूमा प्रारम्भिक हस्तक्षेप सेवाहरूको लागि प्रारम्भिक आवेदन संलग्न हुन्छ भने, बच्चाले विवादमा नभएका ती सेवाहरू प्राप्त गर्नुपर्छ।(33) कार्यवाहीहरमा सार्वजनिक विद्यालयको लागि प्रारम्भिक भर्नाको प्रारम्भिक आवेदन संलग्न हुन्छ भने, अभिभावकीय सहमतिमा बच्चालाई सबै कार्यवाहीहरूको समापन नहुँदासम्म सार्वजनिक कार्यक्रममा राखिनुपर्छ। ALJ को निर्णय हस्तक्षेप सेवाहरू वा शिक्षा स्थानन उचित छ भन्ने अभिभावकहरूको विचारसँग सहमत भएमा उक्त स्थानन भविष्यमा हुने पुनरावेदनहरू विचाराधीन रहँदाको समयमा बच्चा हालको स्थानमा नै रहन्छ।

यद्यपि, उजुरीमा ऐनको भाग C (ISFP) देखि भाग B (IEP) मा पारगमन भइरहेको बच्चाबाट यो भाग अन्तर्गत प्रारम्भिक सेवाहरूको लागि आवेदन संलग्न हुन्छ र बच्चा तीन वर्ष उमेर पुगेको कारण भाग C का सेवाहरूको अब उपरान्त योग्य हुनुहुन्न भने, सार्वजनिक निकाय बच्चाले प्राप्त गरिरहेको भाग C सेवाहरू उपलब्ध गराउन आवश्यक हुँदैन। बच्चा भाग B अन्तर्गत विशेष शिक्षा र सम्बन्धित सेवाहरूको लागि योग्य पाइन्छ र अभिभावक § 300.300(b) अन्तर्गत विशेष शिक्षा र सम्बन्धित सेवाहरूको प्रारम्भिक प्रावधानको लागि सहमत हुनुहुन्छ भने, त्यसपछि सार्वजनिक निकायले अभिभावक र सार्वजनिक निकाय बीच विवाद नभएका ती विशेष शिक्षा र सम्बन्धित सेवाहरू उपलब्ध गराउनुपर्छ।(34)

## समाधान प्रक्रिया:

(33)34 CFR § 300.518(c).
(34)34 CFR § 300.510(d).

अभिभावकको उचित प्रक्रियाको उजुरी प्राप्त गरेको 15 पात्रो दिन भित्र र उचित प्रक्रियाको सुनुवाई सुरु हुनुभन्दा अगाडि, सार्वजनिक निकायले अभिभावक र अभिभावकको उचित प्रक्रियाको उजुरीमा पहिचान गरिएका तथ्यहरूको विशेष ज्ञान भएको व्यक्तिकृत पारिवारिक सेवा योजना (IFSP) टोली वा व्यक्तिकृत शैक्षिक योजना (IEP) का सान्दर्भिक सदस्य वा सदस्यहरूसँग बैठक गर्नुपर्छ।

बैठकमा:

- सार्वजनिक निकायको सट्टामा निर्णय गर्ने अधिकारी भएको सार्वजनिक निकायको प्रतिनिधि समावेश हुनुपर्छ; र
- अभिभावकले अधिवक्ता ल्याँदा बाहेक सार्वजनिक निकायलाई प्रतिनिधित्व गर्ने अधिवक्ता समावेश नहुन सक्छ।

अभिभावक र सार्वजनिक निकायले बैठकमा उपस्थित हुन IFSP वा IEP टोलीका सान्दर्भिक सदस्यहरूलाई निर्धारण गर्नुपर्छ। बैठकको उद्देश्य भनेको अभिभावकले उचित प्रक्रियाको उजुरी र उजुरीको आधार निर्माण गर्ने तथ्यहरूको छलफल गर्ने हो, जसकारण सार्वजनिक निकायसँग विवादलाई समाधान गर्ने अवसर हुन्छ।

निम्न कुराहरू हुन्छ भने समाधान बैठक आवश्यक हुँदैन:

- अभिभावक र सार्वजनिक निकायले बैठकलाई त्याग्न लिखित रूपमा सहमति जनाएमा;
- अभिभावक र सार्वजनिक निकायले मध्यस्थताको प्रयोग गर्न सहमति जनाएमा; वा
- सार्वजनिक निकायले उचित प्रक्रियाको उजुरी आरम्भ गरेमा।

सार्वजनिक निकायले उजुरी प्राप्त गरेको 30 पात्रो दिनभित्र (समाधान अवधि) अभिभावकको सहमतिमा उचित प्रक्रियाको उजुरी

समाधान गरेको छैन भने, उचित प्रक्रिया सुनुवाई हुन सक्छ।

तल *30 पात्रो दिन समाधान अवधिमा समायोजनहरू* वा *शीघ्र बढाइएका समयरेखाहरू* का खण्डहरूमा व्याख्या गरिएका निम्न परिस्थितिहरू मध्ये एक लागू हुँदा बाहेक अन्तिम निर्णय जारी गर्ने 45-दिन समयरेखा 30-दिन समाधान अवधिको अन्त्यमा सुरु हुन्छ।

## 30 पात्रो दिन समाधान अवधिमा समायोजनहरू:

अभिभावक र सार्वजनिक निकायले समाधान प्रक्रियालाई विस्तार गर्न, समाधान प्रक्रियालाई त्याग्न वा मध्यस्थता प्रयोग गर्न सहमति जनाउँदा बाहेक, समाधान बैठकमा सहभागी जनाउने अभिभावकको असफलताले बैठक आयोजना नहुँदासम्म समाधानको प्रक्रिया र उचित प्रक्रियाको सुनुवाईको लागि समयरेखाहरूलाई ढिलो बनाउनेछ।

उचित प्रयत्नहरू गरेर उक्त प्रयत्नहरूलाई कागजातीकरण गरेपछि, सार्वजनिक निकाय समाधान बैठकमा अभिभावको सहमति प्राप्त गर्न सक्षम हुँदैन भने, सार्वजनिक निकायले 30-दिन समाधान अवधिको अन्त्यमा ALJ लाई उचित प्रक्रियाको उजुरी खारेज गर्नको लागि अनुरोध गर्न सक्छ। सार्वजनिक प्रयत्नहरूको कागजातमा निम्न जस्ता, पारस्परिक रूपमा सहमति गरिएपश्चात समय र स्थानको प्रबन्ध गर्नको लागि प्रयासहरूको रेकर्ड समावेश हुनुपर्छ:

- फोन गरिएका वा गर्ने प्रयास गरिएका टेलिफोन कलहरूका विस्तृत रेकर्डहरू र ती कलहरूका नतिजाहरू;
- अभिभावकलाई पठाइएको पत्राचार र प्राप्त भएको कुनै पनि प्रतिक्रियाका प्रतिलिपिहरू; र
- अभिभावकको घर वा रोजगारीको स्थानमा गरिएका भेटहरू र ती भेटहरूका नतिजाहरूका विस्तृत रेकर्डहरू।

सार्वजनिक निकायले अभिभावकको उचित प्रक्रियाको उजुरीको सूचना प्राप्त गरेको 15 पात्रो दिन भित्र बैठक गर्दैन वा

समाधान बैठकमा सहभागी हुँदैन भने, अभिभावकले सुनुवाई सुर गर्न र निर्णय 45 पात्रो दिन भित्र जारी गर्न अनुरोध गर्न सक्छन्।

अभिभावक र सार्वजनिक निकायले समाधान बैठकलाई त्याग्न लिखितमा सहमति जनाउनुहुन्छ भने, त्यसपछि उचित प्रक्रियाको सुनुवाईको लागि 45-दिन समयरेखा अर्को दिनमा सुरु हुन्छ।

मध्यस्थता वा समाधान बैठकको सुरुवातपछि र 30-दिन समाधान अवधिको अन्त्यभन्दा अगाडि, अभिभावक र सार्वजनिक निकायले कुनै पनि सम्झौता सम्भव हुँदैन भन्ने कुरामा सहमति जनाएमा, त्यसपछि उचित प्रक्रियाको सुनुवाईको लागि 45-दिन समयरेखा अर्को दिन सुरु हुन्छ।

अभिभावक र सार्वजनिक निकाय 30-दिने समाधान अवधिको अन्त्यमा मध्यस्थता प्रयोग गर्न सहमति जनाएमा, दुवै पक्षहरूले सहमति नहुन्जेसम्म मध्यस्थताको प्रक्रियालाई जारी राख्न लिखित रूपमा सहमति गराउन सक्छन्। यद्यपि, अभिभावक वा सार्वजनिक निकाय मध्ये एक पक्ष मध्यस्थता प्रक्रियाबाट बाहिर निस्किएमा, त्यसपछि उचित प्रक्रियाको सुनुवाईको लागि 45-दिन समयरेखा अर्को दिनमा सुरु हुन्छ।

## समाधान सम्झौता सहमति:

समाधान बैठकमा विवादको समाधान निस्किएकमा, अभिभावक र सार्वजनिक निकाय निम्न अनुसारको लिखित, कानूनी रूपमा बाध्यकारी सम्झौतमा प्रवेश गर्नुपर्छ:[(35)]

- सार्वजनिक निकायलाई सम्झौतामा होल्ड गर्ने अधिकार भएको अभिभावक र सार्वजनिक निकायको प्रतिनिधिद्वारा हस्ताक्षर गरिएको; र

- सक्षम क्षेत्राधिकारको राज्य अदालत (यस्तो प्रकारको मुद्दा सुन्न अधिकार भएको राज्य अदालत) वा संघीय जिल्ला अदालतमा परिवर्तनिय।

अभिभावक र सार्वजनिक निकाय समाधान बैठकको परिणाम स्वरूप सम्झौतामा प्रवेश गर्नुहुन्छ भने, कुनै पनि पक्षले तीन (3) व्यवसाय दिन भित्र सम्झौता रद्द गर्न सक्छन्।

## उचित प्रक्रियाको सुनुवाई:

विवादमा संलग्न अभिभावक वा सार्वजनिक निकायसँग उचित प्रक्रियाको उजुरी दायर गर्दा निष्पक्ष उचित प्रक्रियाको सुनुवईको लागि अवसर हुन्छ। अभिभावक वा सार्वजनिक निकायले उचित प्रक्रियाको उजुरीको आधार निर्माण गर्ने आरोपित कार्य बारेमा अभिभावक वा सार्वजनिक निकायलाई थाहा भएको मितिको दुई वर्षभित्र सुनुवाईको अनुरोध गर्नुपर्छ। दुई वर्ष आवश्यकताका अपवादहरू निम्न मात्र हुन्: (1) अभिभावकलाई LEA द्वारा विशिष्ट गलत प्रतिनिधित्वको कारणले उचित प्रक्रियाको उजुरी दायर गर्नबाट रोकिएको थियो जसले उचित प्रक्रियाको उजुरीको आधार निर्माण गरेर समस्याको समाधान गरेको छ भने वा (2) अभिभावकलाई उपलब्ध गराउन आवश्यके हुने LEA को रोक्का जानकारीको कारण उचित प्रक्रियाको उजुरी दायर गर्नबाट अभिभावकलाई रोकिएको छ भने।

## प्रशासनिक कानूनी न्यायाधीश (ALJ):

- प्रशासनिक सुनुवाई कार्यालयको कर्मचारी हो र MSDE को होइन;
- सुनुवाईमा उहाँहरूको निष्पक्षतासँग द्वन्द्व हुने व्यक्तिगत वा व्यावसायिक रूचित छैन;
- IDEA का प्रावधानहरू र IDEA सँग सम्बन्धित संघीय तथा राज्य नियमनहरू र IDEA का कानूनी अनुवादनहरूको बारेमा जानकार हुनुहुन्छ र बुझ्नुहुन्छ; र
- उचपयुक्त, मानक कानूनी अभ्यासँग अनुरूप सुनुवाईहरू सञ्चालन गर्ने र निर्णयहरू लिने तथा लेख्ने ज्ञान र क्षमता छ।

(35)34 CFR § 303.443(c)(2); 34 CFR § 300.511(c)(1-2).

- सुनुवाई सञ्चालन गर्न अन्यथा योग्य हुने व्यक्ति सुनुवाई अधिकारीको रूपमा सेवा प्रदान गर्नको लागि उहाँलाई MSDE द्वारा भुक्तानी गरिएको कारण एकल रूपमा MSDE को कर्मचारी होइन।(36)
- MSDE ले सुनुवाई अधिकारीहरूको रूपमा सेवा प्रदान गर्ने प्रत्येक व्यक्तिहरूका योग्यताहरूको कथन समावेश गर्न तिनीहरूको सूची राख्नेछ। यो जानकारी OAH वेबसाइटमा उपलब्ध छ।(37)

## उचित प्रक्रिया उजुरीको विषय मामिला:

उचित प्रक्रियाको सुनुवाई दायर गर्ने पक्ष (अभिभावक वा सार्वजनिक निकाय) ले अन्य पक्षले सहमति जनाउँदा बाहेक उचित प्रक्रियाको उजुरीमा सम्बोधन नगरिएका समस्याहरू उचित प्रक्रियाको सुनुवाईमा उठाउन सक्दैनन्।

## सुनुवाई अधिकारहरू:

कुनै पनि उचित प्रक्रियाको सुनुवाईमा एउटा पक्षसँग निम्न अधिकार हुन्छ (IDEA अनुशासन सम्बन्धी पद्धतिहरूमा सुनुवाईसहित):

- राज्य सरकार धारा §9-1607.1, मेरिल्याण्डको टिप्पणी गरिएको संहिता अनुसार उचित प्रक्रियाका सुनुवाईहरूमा आफूलाई प्रतिनिधित्व गर्ने वा अधिवक्ताद्वारा प्रतिनिधित्व हुने;
- असक्षमताहरू भएको बालबालिकाका समस्याहरूको सम्बन्धमा विशेष शिक्षा वा प्रशिक्षण भएका वकील र व्यक्तिहरूद्वारा साथ दिइएको र सुझाव दिइएको;
- प्रमाण पेश गर्ने र सामना गर्ने, जिरह गर्ने तथा साक्षीहरूलाई उपस्थित हुन लगाउने;
- सुनुवाई भन्दा कम्तीमा 5 व्यवसाय दिन अगाडि उक्त पक्षलाई

  खुलासा नगरिएका सुनुवाईमा कुनै पनि प्रमाणको परिचयलाई निषेधित गर्ने;
- सुनुवाईको लिखित वा अभिभावकको विकल्प, विद्युतिय, शब्द-शब्दको रेकर्ड प्राप्त गर्ने; र
- तथ्य र निर्णयहरूको लिखित वा अभिभावकको विकल्प, विद्युतीय खोजहरू प्राप्त गर्ने।

## जानकारीको अतिरिक्त खुलासा:

उचित प्रक्रिया सुनवाईको कम्तीमा पाँच (5) व्यवसायिक दिन अगाडि, अभिभावक र सार्वजनिक निकायले अभिभावक वा सार्वजनिक निकायले सुनुवाईमा प्रयोग गर्ने मनसाय राखेको ती मूल्याङ्कनहरूको आधारमा उक्त मितिसम्म र सिफारिसहरूद्वारा पूरा गरिएका सबै मूल्याङ्कनहरू एक-अर्कालाई खुलासा गर्नुपर्छ। ALJ ले यो आवश्यकता अनुपालना नगर्ने कुनै पनि पक्षलाई अन्य पक्षको सहमति बिना सान्दर्भिक मूल्याङ्कन वा सिफारिस परिचय गर्नबाट रोक्न सक्छ।

## अभिभावकका अधिकारहरू:

अभिभावकसँग निम्न अधिकार छ:

- बच्चालाई उपस्थित गराउने;
- सर्वसाधारणलाई सुनुवाई खुला गर्ने; र
- तपाईंलाई नि:शुल्क उपलब्ध गराइएका सुनुवाई, तथ्यका खोज र निर्णयहरूको रेकर्ड राख्ने।

## सुनुवाई निर्णय:

बच्चाले नि:शुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) प्राप्त गर्ने वा नगर्ने ALJ को निर्णय मौलिक क्षेत्रहरूमा आधारित हुनुपर्छ। प्रक्रियात्मक उल्लङ्घनको आरोप लागेका मामिलाहरूमा, प्रक्रियात्मक अपर्याप्तताहरूले निम्न गर्छ भने मात्र बच्चाले FAPE प्राप्त गरेका छैनन् भन्ने कुरा ALJ ले पत्ता लगाउन सक्छ:

- FAPE मा बच्चाको अधिकारमा बाधा पुर्याएको छ;

(36)34 CFR § 303.443(c)(2); 34 CFR § 300.511(c)(1-2).
(37)34 CFR § 303.443(c)(3); 34 CFR § 300.511(c)(3).

- बच्चालाई FAPE को प्रावधानसँग सम्बन्धित निर्णय गर्ने प्रक्रियामा सहमति जनाउन अभिभावकको अवसरसँग महत्त्वपूर्ण रूपमा हस्तक्षेप गरेमा; वा
- शैक्षिक लाभको उपहरण निम्तायो।

माथि व्याख्या गरिएको कुनै पनि प्रावधानलाई IDEA को भाग B (300.536 बाट 34 CFR 300.500) अन्तर्गत संघीय नियमनहरूका प्रक्रियात्मक सुरक्षाहरूको खण्डमा आवश्यकताहरूको अनुपालनामा सार्वजनिक निकायलाई आदेश दिनबाट ALJ लाई रोक्न अनुवादन गर्न सकिँदैन।

बच्चालाई उपयुक्त रूपमा पहिचान, मूल्याङ्कन वा राखिएको छ वा छैन वा बच्चालाई प्रारम्भिक हस्तक्षेप सेवाहरू उचित रूपमा उपलब्ध गराइएको छ वा छैन भन्ने ALJ को निर्णय मौलिक क्षेत्रहरूमा आधारित हुनुपर्छ। प्रक्रियात्मक उल्लङ्घनको आरोप लागेका मामिलाहरूमा, प्रक्रियात्मक अपर्याप्तताहरूले निम्न कुराहरू गर्छ भने मात्र बच्चालाई उपयुक्त रूपमा पहिचान, मूल्याङ्कन, राखिएको छैन वा प्रारम्भिक हस्तक्षेप सेवाहरू उपलब्ध गराइएको छैण भनी ALJ ले फेला पार्न सक्छ:

- बच्चा र बच्चाको परिवारको लागि प्रारम्भिक हस्तक्षेप सेवाहरूको पहिचान, मूल्याङ्कन र स्थान नियोजन वा प्रावधानमा बच्चाको अधिकारलाई अवरूद्ध गर्‍यो;
- बच्चा र उक्त बच्चाको परिवारको लागि प्रारम्भिक हस्तक्षेप सेवाहरूको पहिचान, मूल्याङ्कन, स्थान नियोजन वा प्रावधानसँग सम्बन्धित निर्णय-लिने प्रक्रियामा सहभागी हुन अभिभवाको अवसरलाई महत्त्वपूर्ण रूपमा अवरूद्ध गर्‍यो; वा
- शैक्षिक वा विकासात्मक लाभको उपहरण निम्तायो।

## छुट्टै उचित प्रक्रियाको उजुरी:

IDEA को प्रक्रियागत सुरक्षा खण्डमा उल्लेख गरिएको कुनै पनि कुराले अभिभावकलाई पहिला नै दायर गरिएको उचित प्रक्रिया उजुरीको भन्दा फरक मुद्दा भएको छुट्टै उचित प्रक्रिया उजुरी दायर गर्न रोक्दैन ।

## सुनुवाईका समयसीमा र सहजता:

समाधान बैठकको लागि 30 पात्रो दिन अवधिको समाप्ति पछि 45 पात्रो दिनभन्दा ढिलो नगरी वा समायोजित समयावधिको अन्त्यपछि 45 पात्रो दिनभन्दा ढिला नगरि *30 पात्रो दिन समाधान अवधिमा समायोजनहरू* अन्तर्गत व्याख्या गरिए अनुसार:

- अन्तिम निर्णय सुनुवाईमा गरिन्छ; र
- निर्णयको प्रतिलिपि प्रत्येक पक्षहरूलाई पत्राचारबाट पठाइन्छ।

ALJ ले कुनै पनि पक्षको अनुरोधमा 45-दिनको समयावधिभन्दा विशिष्ट समय विस्तार गर्ने अनुमति दिन सक्छ. प्रत्येक सुनुवाई अभिभावक र बच्चाको लागि उचित रूपमा सहज हुने समय र स्थानमा हुनुपर्छ।

## शीघ्र बढाइएको प्रक्रियाको सुनुवाई (IEP मात्र):

अपाङ्गता भएको बच्चाको पक्षबाट निम्न कुराहरूसँग सम्बन्धित उचित प्रक्रिया उजुरी दायर भएको अवस्थामा तीव्र उचित प्रक्रिया सुनवाईको व्यवस्था गर्ने दायित्व सार्वजनिक निकायको हो:

- हाल विद्यालय भर्ना नभएको र विद्यालय नगइरहेको अपाङ्गता भएको बच्चा;
- अन्तरिम वैकल्पिक शिक्षा सेटिङ्मा असक्षमता भएको बच्चाको स्थान नियोजन; वा
- प्रत्यक्षीकरण निर्धारण।

उचित प्रक्रियाको सुनुवाई उजुरी दायर गरिएको मितिबाट 20 विद्यालय दिन भित्र हुनुपर्छ। ALJ ले सुनुवाईपछि 10 विद्यालय दिन भित्र निर्धारण गर्नुपर्छ. समाधान बैठक उचित प्रक्रियाको उजुरीको सूचना प्राप्त गरेको सात (7) पात्रो दिन भित्र हुनुपर्छ र उचित प्रक्रियाको उजुरी प्राप्त गरेको 15 पात्रो दिन भित्र दुवै पक्षहरूको सन्तुष्टिमा समस्यालाई समाधान नगरिँदासम्म उचित प्रक्रिया सुनुवाई अगाडि बढ्न सक्छ।

## सुनुवाईका निर्णयहरू:

व्यक्तिगत रूपमा पहिचान योग्य जानकारी मेटाइसकेपछि, सार्वजनिक निकाय राज्य सल्लाहकार प्यानलमा खोज र निर्णयहरू प्रसारण गर्नको लागि जिम्मेवार छ र ती खोज र निर्णयहरू सर्वसाधारणलाई पनि उपलब्ध गराउनुपर्छ।(38)

## अन्तिम सुनुवाई निर्णय:

ALJ को निर्णय कुनै पनि अभिभावक वा सार्वजनिक निकायद्वारा अपील गरिँदा बाहेक अन्तिम हुन्छ। खोज र निर्णयहरूद्वारा अपखृत कुनै पनि पक्षसँग उचित प्रक्रियाको सुनुवाईमा प्रस्तुत गरिएको उजुरीकर्ताको सम्मानमा नागरिक कार्य ल्याउने अधिकार छ।

## अपील:

खोजहरू र निर्णयसँग सहमति नजनाउने सुनुवाईको कुनै पनि पक्षसँग ALJ ले निर्णय लिएको मितिदेखि 120 दिन भित्र बहसमा मात्राको सम्बन्ध बिना निपुण क्षेत्राधिकारको कुनै पनि राज्य अदालत वा संयुक्त राज्य अमेरिकाको जिल्ला अदालतमा नागरिक कार्य ल्याएर अपिल गर्ने अधिकार छ।

कुनै पनि नागरिक कार्यवाहूमा, अदालतले:

- प्रशासनिक कार्यवाहीहरूका रेकर्डहरू प्राप्त गर्नेछ;
- अभिभावक वा सार्वजनिक निकायको अनुरोधमा अतिरिक्त प्रमाण सुन्ने;
- आफ्नो निर्णयलाई प्रमाणको प्रधानतामा अधारित गर्नेछ: र
- अदालतलाई उचित लागेको सहुलियत प्रदान गर्नेछ।

IDEA को भाग B मा रहेको कुनै पनि कुराले संयुक्त राज्यको संविधान, 1990 को असक्षमताहरू भएका अमेरिकीहरूको ऐन, 1973 को पुनर्स्थापना ऐनको शीर्षक V (धारा 504) वा असक्षमताहरू भएको बालबालिकाका अधिकारीहरूलाई सुरक्षित गर्ने अन्य संघीय कानूनहरूले प्रतिबन्ध लगाउँदैन वा सीमित गर्दैन। IDEA को भाग B अन्तर्गत पनि उपलब्ध हुने आराम खोजिरहेको यी कानूनहरू अन्तर्गत नागरिक कार्यवाही दायर गर्नुभन्दा अगाडि बाहेक, माथि व्याख्या गरिएको उचित प्रक्रियाका कार्यविधिहरूलाई अभिभावक वा सार्वजनिक निकायले IDEA को भाग B अन्तर्गत कार्य दायर गर्दा आवश्यक हुने एउटै विस्तारसम्म उत्साहित गर्नुपर्छ। यसको अर्थ अभिभावकहरूले IDEA अन्तर्गत उपलब्ध समाधानहरू समेट्ने अन्य कानूनहरू अन्तर्गत उपलब्ध हुने समाधान प्राप्त गर्न सक्छन् तर सामान्यतया, ती अन्य कानूनहरू अन्तर्गत राहत प्राप्त गर्न, अभिभावकहरूले अदालत जानुपूर्व अनिवार्य रूपमा पहिले IDEA अन्तर्गत उपलब्ध प्रशासनिक समाधानहरूको (अर्थात् उचित प्रक्रियाको उजुरी, समाधान बैठक र निष्पक्ष उचित प्रक्रिया सुनवाईका पद्धतिहरू) को प्रयोग गर्नुपर्छ।

(38)34 CFR § 300.513 (d).

# अधिवक्ताहरूका शुल्कहरू
## IEP र IFSP 34
## C.F.R. § 300.517

IDEA अन्तर्गत ल्याइएका कुनै पनि कार्य वा कार्यवाहीहरूमा, अदालतले आफ्नो समझदारीमा उचित अधिवक्ताका शुल्कहरू निम्नलाई प्रदान गर्न सक्छ:

- विद्यमान पक्ष रहेको अपाङ्गता भएको बच्चाको अभिभावक वा आमाबुवाहरूलाई;
- MSDE वा कुनै अर्को सार्वजनिक निकायकोउ रूपमा रहेको विद्यमान पक्षलाई अनुचित, अव्यवहारिक वा अधारहीन उजुरी वा पछि हुने कार्यवाहीको कारण दायर गर्ने अभिभावकको वकीलको विरूद्धमा वा मुद्दा स्पष्ट रूपमा अनुचित, अव्यवहारिक वा अधारहीन भइसकेपछि पनि मुद्दालाई निरन्तरता दिने अभिभावकको वकीलको विरूद्धमा; वा
- अभिभावकको उजुरी वा कार्यवाहीको अनुवर्ती कारण दुर्व्यवहार गर्न, अनावश्यक ढिलासुस्ती गर्न वा अभियोगको खर्चलाई अनावश्यक रूपमा बढाउने जस्ता कुनै अनुचित प्रयोजनको लागि प्रस्तुत गरिएको थियो भने, अभिभावकको वकील वा अभिभावकको विरूद्ध MSDE वा कुनै अन्य सार्वजनिक निकाय हुने प्रबल पक्षलाई।

पुरस्कृत शुल्कहरू समुदायमा प्रचलित हुने दरहरूमा आधारित हुनुपर्छ जहाँ सेवाहरूको प्रकार र गुणस्तरको लागि उठेको कार्य सुसज्जित गरिन्छ। कुनै पनि बोनस वा मल्टिप्लायर पुरस्कृत शुल्कहरू गणना गर्नमा प्रयोग गर्न सकिँदैन। IDEA अन्तर्गत उपलब्ध हुने कोषहरू FAPE सुनिश्चित गर्न असक्षमता भएको बच्चाको सट्टामा ल्याइको कार्यको कारणसँग सम्बद्ध कानूनी शुल्क, अदालत शुल्क वा अन्य शुल्कहरूलाई समर्थन गर्न प्रयोग गरिनेछैन।

शुल्कहरू निम्न परिस्थितिहरू अन्तर्गत उपलब्ध नगराउन सकिन्छ:

- उचित प्रक्रिया सुनवाई वा न्यायिक कारवाहीको परिणाम स्वरूप गरिने बाहेकका कुनै IFSP वा IEP टोली बैठकका लागि;
- उचित प्रक्रियाको उजुरी दायर गर्नुपूर्व सञ्चालन गरिएको मध्यस्थताको लागि;
- समाधान बैठकहरूका लागि; र
- निम्न अवस्थामा अभिभावकलाई प्रस्ताव गरिने लिखित सम्झौता पछ्याउने सेवाहरूको लागि:
    - नियम 68, नागरिक कार्यविधिका संघीय नियम वा कार्यवाही सुरु हुनुभन्दा दश भन्दा धेरै दिन अगाडि प्रशासनिक कार्यवाही अन्तर्गत समयरेखाहरू

      भित्र प्रस्ताव गरिएको छ;
    - प्रस्ताव दश दिनभित्र स्वीकृत नभएमा; र
    - अदालतले सुनुवाईमा अभिभावकद्वारा प्राप्त गरेको राहत अभिभावको लागि समाधानको प्रस्तावनभन्दा अनुकूल छैन भनी पेला पार्छ। अभिभावकलाई सम्झौताको प्रस्ताव अस्वीकार गरेर मूलभूत रूपमा न्यायोचित गरिएको थियो भने शुल्क र लागतहरू प्रदान गर्न सकिन्छ।

निम्न परिस्थितिहरू अन्तर्गत शुल्कहरू घटाउन सकिन्छ:

- अभिभावक वा अभिभावकको अधिवक्ताले विवादको समाधानलाई अनुचित रूपमा लम्बाउनुहुन्छ;
- शुल्कहरूको रकमले उचित रूपमा तुलनात्मक सीप, इज्जत र अनुभव भएका अधिवक्ताहरूद्वारा समान सेवाहरूको लागि समुदायमा प्रचलित हुने प्रति घण्टाको दरलाई अनुचित रूपमा नाघ्छ;
- कार्यवाहीको प्रकृतिलाई विचार गरेर समय र सेवाहरू अत्यधिक थिए; वा
- अधिवक्ताले उचित प्रक्रिया सुनुवाईको अनुरोधको सूचना दायर गर्नमा उपयुक्त जानकारी उपलब्ध गराउनुभएन।

निम्न अवस्थामा शुल्कहरू घटाइनेछैन:

- सार्वजनिक निकायले समाधानलाई लम्बाउँछ; वा
- प्रक्रियात्मक सुरक्षाका आवश्यकताहरूको उल्लङ्घन भएको थियो।

वकीलहरूका शुल्कहरू पुन: प्राप्त गर्ने अभिभावकको अधिकार IDEA मा सेट गरिएका निश्चित शर्तहरू पूरा गर्ने कुरामा आधारित रहने भएकोले, अभिभावकहरूले यो मामिलाको बारेम आफ्ना वकीलहरूसँग छलफल गर्नुपर्छ।

संलग्नक:

# IDEA विवाद समाधान प्रक्रियाहरूको तुलना चार्ट

| | मध्यस्थता | उचित प्रक्रियाको उजुरी | समाधान प्रक्रिया | राज्य उजुरी |
|---|---|---|---|---|
| प्रक्रिया कसले आरम्भ गर्न सक्छ? | अभिभावक वा सार्वजनिक निकायले तर दुबैको लागि ऐच्छिक हुनुपर्छ | अभिभावक वा सार्वजनिक निकाय | पक्षहरू मध्यस्थता त्याग्न वा प्रयोग गर्न सहमति नभएसम्म उचित प्रक्रियाको उजुरीको प्राप्ति पश्चात समाधान बैठकको तालिका बनाउनँछ | राज्य भन्दा बाहिरका ती व्यक्तिहरूसहित कुनै पनि व्यक्ति वा संस्था |
| भर्नको लागि समय सीमा कति हो? | कुनै उल्लेख गरिएको छैन | पक्षले सीमित अपेक्षाहरूको साथमा ससस्याको बारेमा थाहा भएको वा थाहा हुनुपर्ने समयको 2 वर्ष[1] | अभिभावकको उचित प्रक्रियाको उजुरीद्वारा ट्रिगर भएको | संदिग्ध उल्लङ्घनको मितिबाट 1 वर्ष |
| कस्ता समस्याहरू समाधान गर्न सकिन्छ? | उपयुक्त प्रक्रिया उजुरीको अगाडि उठ्ने मुद्दाहरू सहित भाग 300 अन्तर्गतका कुनै पनि मुद्दा (अपवादहरू छन्)[2] | निःशुल्क उपयुक्त सार्वजनिक शिक्षाको पहिचान, मूल्याङ्कन वा शैक्षिक स्थान नियोजन वा प्रावधानसँग सम्बन्धित कुनै पनि मुद्दा (अपवादहरू छन्) | अभिभावकको उपयुक्त प्रक्रिया उजुरीमा उठाइएका समस्याहरूकै समान | IDEA को भाग B वा भाग 300 को आरोपित उल्लङ्घनहरू |
| समस्याहरू समाधान गर्ने समयरेखा के हो? | कुनै उल्लेख गरिएको छैन | समयरेखामा विशेष विस्तार प्रदान नगरेसम्म समाधान अवधि समाप्त भएको 45 दिन[3, 4] | पक्षहरूले लिखित रूपमा बैठक त्याग्न वा मध्यस्थता प्रयोग गर्नको लागि सहमति नजानएसम्म सार्वजनिक एजेन्सीले अभिभवाकको उपयुक्त प्रक्रिया उजुरी प्राप्त गरेको 15 दिनभित्र समाधान बैठक एकत्र गर्नुपर्छ<br><br>अभिभावकले सहमति जनाउनुहुन्छ वा अभिभावक वा सार्वजनिक एजेन्सी समाधान बैठकमा सहभागी हुन असफल हुनुहुन्छ वा सार्वजनिक एजेन्सी अभिभावकको उपयुक्त प्रक्रिया उजुरी प्राप्त गरेको 15 दिनभित्र समाधान बैठक एकत्र गर्न असफल हुनुहुन्छ भन्दा बाहेकका अवस्थामा समाधान अवधि अभिभावकको उचित प्रक्रिया उजुरी प्राप्त गरेको 30 दिनको हुन्छ[3, 5, 6, 7] | विस्तारको अनुमति नदिएसम्म उजुरी प्राप्त गरेको 60 दिन[8] |
| समस्याहरू कले समाधान गर्छ? | मध्यस्थकर्तासँग अभिभावक र सार्वजनिक एजेन्सी<br><br>प्रक्रिया स्वैच्छिक छ र दुवै पक्षहरूले कुनै पनि समाधानमा सहमति जनाउनुपर्छ | सुनुवाई अधिकारी/ प्रशासनिक कानून न्यायाधीश (ALJ) | अभिभावक र सार्वजनिक एजेन्सी<br><br>दुवै पक्षहरूले कुनै पनि समाधानमा सहमति जनाउनुपर्छ | मेरिल्याण्ड राज्य शिक्षा विभाग[9] |

[1] अभिभावकलाई निम्न कारणले उचित प्रक्रिया उजुरी दायर गर्नबाट रोकेको अवस्थामा समयसीमा अभिभावकलाई लागू हुँदैन: (1) उचित प्रक्रिया उजुरीको आधार सृजना गर्ने समस्या समाधान गरेको भनी सार्वजनिक एजेन्सीद्वारा गरेको विशेष गलत प्रतिनिधित्व; वा (2) IDEA को भाग 300 अन्तर्गत आवश्यक भएको अभिभावकलाई उपलब्ध गरिनुपर्ने सूचना सार्वजनिक एजेन्सीको रोक्का जानकारी (34 C.F.R. §300.511(f))।

[2] उक्त अपवादहरूमा निम्न कुराहरू समावेश हुन्छ: सार्वजनिक निकायले अभिभावकले विशेष शिक्षा सेवाको व्यवस्थालाई अनुमति दिन अस्वीकार गरेको कुरालाई छोप्न उचित प्रक्रिया उजुरी दायर गर्न वा मध्यस्थताको प्रयोग गर्न पाउने छैन (34 C.F.R. §300.300(b)(3)); सार्वजनिक निकायले अभिभावकले अभिभावकीय रूपमा स्थानन गरिएको निजी विद्यालयको विद्यार्थी वा घरैमा बसी पढ्ने बच्चाको प्रारम्भिक मूल्याङ्कन वा पूनर्मूल्याङ्कनलाई अनुमति दिन अस्वीकार गरेको कुरालाई छोप्न उचित प्रक्रिया उजुरी दायर गर्न वा मध्यस्थताको प्रयोग गर्न पाउने छैन; (34 C.F.R. §300.300(c)(4)(i)); अभिभावकीय रूपले स्थानन गरिएको निजी विद्यालयको विद्यार्थीको अभिभावकहरूको उचित प्रक्रिया उजुरी दायर गर्ने अधिकार सार्वजनिक निकायको बच्चाको आवश्यकता पूरा गर्ने असक्षमतामा सीमित हुन्छ (34 C.F.R. §300.140); सार्वजनिक निकायको अति योग्य शिक्षक प्रदान गर्ने असक्षमता उचित प्रक्रियाको अधिनमा रहने मुद्दा होइन तर राज्य उजुरी राज्य शिक्षा एजेन्सी (SEA) मा दायर गर्न सकिन्छ (34 C.F.R. §300.156(E))।

[3] उचित प्रक्रियाको उजुरी अनुशासन कार्यविधिहरूको अनुरूप शीघ्र अगाडि बढाइएको सुनुवाईको लागि दायर गरिएको छ वा बच्चा हाल नामांकित हुनुहुन्न र विद्यालयमा उपस्थित हुँदै हुनुहुन्छ भने, समाधान अवधि 15 पात्रो दिनको (7 दिन भित्र बैठक गरिनुपर्ने व्यवस्था सहित) हुन्छ। मामिला दुवै पक्षहरूको सन्तुष्टिमा समाधान भएको छैन भने, सुनुवाई अनुरोध गरिएको मितिदेखि 20 विद्यालय दिनभित्र सुनुवाई हुनुपर्छ र निर्णय सुनुवाईपछि 10 विद्यालय दिन भित्र जारी गरिनुपर्छ। (34 C.F.R. §300.532(c) र COMAR 13A.05.01.15)।

[4] कुनै सुनवाई अधिकृत /ALJ ले कुनै एक पक्षको अनुरोधमा समयको विशेष विस्तार गर्न सक्नेछन् । (34 C.F.R.§300.516(c)) ।

[5] नियमावलीहरूले समाधानहरूको लागि 30-दिने समाधान अवधिमा समायोजन गर्ने अनुमति प्रदान गर्छन्। उचित प्रक्रिया सुनवाईको 45 दिने समयसीमा निम्न मध्ये कुनै घटना भएको एक दिन पछाडि सुरु हुन्छ: (1) दुवै पक्षहरू समाधान बैठक त्याग्न लिखित रूपमा सहमति जनाउँछन् (2) कुनै पनि मध्यस्थता वा समाधान बैठक 30-दिन अवधिको अन्त्यभन्दा अगाडि सुरु हुन्छ, पक्षहरूले कुनै सम्झौता सम्भव छैन भनी लिखित रूपमा सहमति जनाउँछन्; (3) दुवै पक्षहरूले 30-दिनको समाधान बैठकको अन्त्यमा मध्यस्थता जारी राख्न लिखित रूपमा सहमति जनाउँछन् तर पछि अभिभावक वा सार्वजनिक निकाय मध्यस्थता प्रक्रियाबाट बाहिरिएमा। (34 C.F.R. §300.510 (c))।

[6] अभिभावक समाधान बैठकमा सहभागी हुन असक्षम हुनाले समाधान प्रक्रिया तथा उचित प्रक्रिया सुनवाईको समयसीमालाई बैठक हुन्जेलसम्मका लागि ढिला गर्छ। (34 C.F.R. §300.510(b)(3))।

[7] सार्वजनिक निकाय अभिभावकको उचित प्रक्रिया उजुरी प्राप्त गरेको 15 दिन भित्र समाधान बैठक गर्न असक्षम भएमा वा समाधान बैठकमा सहभागी हुन असक्षम भएमा, अभिभावकले उचित प्रक्रया सुनवाई समयसीमा सुरु गर्न ALJ को हस्तक्षेपको माग गर्न सक्छन् (34 C.F.R. §300.510(b)(5))।

[8] कुनै विशेष उजुरी वा अभिभावक (वा व्यक्ति वा संगठन, यदि राज्य पद्धति अनुरूप व्यक्ति वा संगठनलाई विवाद समाधानको मध्यस्थता वा अन्य वैकल्पिक माध्यम उपलब्ध भएमा) को सन्दर्भमा असाधारण परिस्थितिहरू भएमा तथा सार्वजनिक निकाय मध्यस्थतामा सहभागी हुने वा राज्यमा कुनै विवाद समाधानको वैकल्पिक माध्यमहरू उपलब्ध छ भने सो माध्यमहरूमा सहभागी हुने समयसीमा विस्तार गर्न राजी भएमा राज्य उजुरी समाधान गर्ने समयसीमा वढाउन सकिन्छ (34 C.F.R. §300.152(b)(1))।

[9] MSDE उजुरी कार्यविधिहरूले सार्वजनिक निकायको स्वविवेकमा उजुरीको समाधान गर्ने प्रस्ताव गर्ने सहित सार्वजनिक निकायलाई कुनै उजुरीको प्रतिक्रिया दिने अवसर उपलब्ध गराउँछ; र उजुरी दायर गर्ने अभिभावक र सार्वजनिक निकायलाई स्वैच्छिक रूपमा मध्यस्थतामा संलग्न हुने अवसर प्रदान गर्छ। (34 C.F.R. §300.152(a)(3)) । केही मुद्दाहरूमा उजुरीकर्ता तथा सार्वजनिक निकाय MSDE मुद्दा समाधान गर्न नलगाइकनै विवादको समाधान गर्न सक्षम हुन सक्छन् ।

मेरिल्याण्ड राज्य शिक्षा विभाग
प्रारम्भिक हस्तक्षेप र विशेष शिक्षा सेवाहरूको विभाग
200 West Baltimore Street
Baltimore, Maryland 21201
410-767-0249 (फोन)
410-333-1571 (फ्याक्स)
http://www.marylandpublicschools.org